म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक ३७ मंगलबार १९ भदौ २०८० ने. सं. ११४३ गुँलागा 5 September 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा
राष्ट्रिय दैनिक
www.sajhakuranews.com

## बसपार्कबाट गोतामे पक्राउ

हेटौंडा, १८ भदौ/मकवानपुरको हेटौंडा उपमहानगरपालिका-१० बसपार्कबाट सोमबार बिहान लागुऔषध सहित एकजना पक्राउ परेका छन् । पक्राउ पर्नेमा चितवन राप्ती नगरपालिका-६ केदार बस्ने २८ बर्षीय अमृत गोतामे रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

प्रहरीचौकी बसपार्क मकवानपुरबाट गस्तीमा खटिएको प्रहरीटोलीले बसपार्कमा शंकास्पदरुपमा उभिरहेको अवस्थामा गोतामेलाई लागुऔषध सहित पक्राउ गरेको हो । उनले बोकेको झोलाबाट लागूऔषध फेनारगन ५८ एम्पुल, नुफिन ५८ एम्पुल, डाईजेपाम ५८ एम्पुल गरी १७४ एम्पुल, लागूऔषध नाईट्राजेपाम ७५ ट्याब्लेट, ट्रामोल ६८० क्याप्सुल र सम्मेक्स २४ क्याप्सुल बरामद गरिएको प्रहरीले जनाएको छ । लागूऔषध सहित गोतामेलाई नियन्त्रणमा लिएर थप अनुसन्धान कार्य भईरहेको प्रहरीले जनाएको छ ।

# एमालेले सहमति कार्यान्वयनको अवस्था खोजेपछि प्रदेशसभा स्थगित !

साझाकुरा संवाददाता

हेटौंडा, १८ भदौ/चालू आर्थिक वर्ष २०८०/८१ को लागि बजेट पास गरेयता करिब दुई महिनासम्म बागमती प्रदेशसभा बैठक बस्न सकेको छैन ।

हेटौंडा-१०, स्थित प्रदेशसभा भवन २२ असारदेखि सुनसान छ । दुई महिनापछि सदन १८ भदौ सोमबारका लागि बोलाइएको थियो । तर, सांसदहरु प्रदेशसभा बैठकका लागि हेटौंडा आएर बैठक नै बस्न नपाई गन्तव्यमा फर्कनु परेको छ । प्रदेशसभा बैठक एकाएक स्थगित हुनुको मुख्य कारण थियो, बागमतीको प्रमुख प्रतिपक्षी दल नेकपा एमाले र सरकारबीचको पूर्वसहमति । १ असारमा बजेट ल्याएको सरकारले १२ असारदेखि बजेटमाथिको छलफलका लागि सदन बोलाएपछि एमालेसहितका प्रतिपक्षी दलको अवरोधले बजेट पास हुन २१ असारसम्म पुग्नु परेको थियो ।

बजेट पूर्वाग्राही ढंगले ल्याइएको, मुख्यमन्त्री, अर्थमन्त्री र भौतिकमन्त्रीको जिल्लामा मात्रै बजेट थुपारिएको, जनभावनाअनुसार बजेट प्रस्तुत नभएकोलगायतका विषय उठाएर एमालेले करिब ४ वटा प्रदेशसभा बैठक अवरुद्ध गरेको थियो । प्रदेशसभा बैठकको गतिरोध हटाउँदै बजेट पास गर्न हतारोमा रहेको सरकारले २१ असार अगाडि एमालेसँग आन्तरिक सहमति पनि गरेको थियो । सहमति कार्यान्वयनको अवस्थाबारे १८ भदौमा सरकारलाई प्रश्न गर्दा प्रदेश सभा बैठक विशेष कारण देखाउँदै स्थगित गरिएको खुलेको छ ।



सोमबार दिउँसो साढे १ बजेको लागि आह्वान गरिएको प्रदेशसभा विशेष कारण देखाउँदै स्थगित गरिएको थियो । प्रदेशसभाका सभामुख भुवनकुमार पाठकले एक सूचना जारी गर्दै आज (सोमबार)को लागि तय भएको कार्यसूची हटाएर अर्को बैठक यही भदौ २० गते दिउँसो १ बजे बस्ने गरी प्रदेशसभा स्थगित भएको जानकारी गराएका थिए । प्रदेशसभा बैठकका लागि कार्यसूची तयार गर्न सोमबार बिहान साढे ११ बजेदेखि कार्यपरामर्श व्यवस्थापन समितिको बैठक बसेको थियो ।

बैठकमा प्रमुख प्रतिपक्ष नेकपा एमाले, राप्रपा दलका नेताहरु र सरकारबीच विभिन्न विषयमा सहमति हुन नसकेपछि साढे १ बजेको लागि बोलाइएको बैठक साढे ३ देखि ४ बजेसम्म बस्ने भनिएको थियो । तर, यो समयमा बोलाइएको बैठक पनि सूचना टाँसेर स्थगित गरिएको हो । विपद्ले प्रदेशका जिल्लामा जनधनको क्षति भइरहँदा सरकार सदन बन्द गरेर बसेको प्रतिपक्ष दलहरुले गुनासो गरेपछि बैठक राखिएको थियो । तर, एमाले र सरकारको राजनीतिक सम्बन्ध उतारचढाव रहेकाले सदन सुचारु हुने अनिश्चित छ ।

एमालेले विगतमा माग गरेको बजेट कार्यान्वयन नभएको भन्दै प्रदेशसभा घेराबन्दी गर्ने चेतावनी दिएकाले बैठक बस्न नसकेको सरकारका एक मन्त्रीले जानकारी दिए । ती मन्त्रीले प्रदेशसभा बैठक राखेर प्रतिपक्षीले अवरोध गर्ने भएपछि स्थगित गर्नुपरेको बताए । तर, नेकपा एमाले बागमती प्रदेशसभाका मुख्य सचेतक मधुसुदन पौडेलले एमालेले पूर्वसहमतिको कार्यान्वयनको अवस्था माग्दा सरकार आफैंले बैठक स्थगित गरेको दाबी गरे । 'बैठक स्थगित गर्न हामीले भनेका पनि हैनौं, बैठक अवरुद्ध गर्छौं भनेका पनि थिएनौं । उहाँहरुलाई हामीले सहमति किन कार्यान्वयन भएन भनेर सोधेका थियौं । त्यसपछि सरकारले नै बैठक स्थगित गरेको हो ।', पौडेलले भने ।

सरकारसँग गरिएको सहमति २ महिनासम्म कार्यान्वयन नभएको उनले बताए । जनताका आवश्यकतालाई मध्यनजर गरी पर्याप्त योजना छनोट, सांसदलाई अधिकार सम्पन्न गराउन अनुगमनलाई व्यवस्थित गराउने विषय कार्यान्वयन नभएपछि एमालेले खबरदारी गरेको उनले बताए । '२ महिनासम्म किन सहमति पालना भएन ? मन्त्रिपरिषद्ले निर्णय गरेपछि प्रक्रियामै अगाडि बढाइएन । सहमति कार्यान्वयन नभएसम्म सदन सहज सञ्चालन हुने स्थिति देखिँदैन ।', पौडेलको चेतावनी छ । सरकारपक्षले सहमति कार्यान्वयन गर्छौं भनेर अलमल मात्रै पार्न खोजेको भन्दै यो राम्रो विषय नभएको पौडेलले बताए ।

सरकारले राजनीतिक इमान्दारिता देखाउन नसकेको उनको दाबी छ । राजनीतिक सहमति कार्यान्वयन नगर्नु इमान्दारिता देखाउन नसक्नु भन्दै पौडेलले सरकार आफैं पछि हटेको उनको भनाई छ । सरकारले सहमति कार्यान्वयनको विषयमा कुनै चासो नदिएपछि सदन सञ्चालन गर्नेमा पनि सरकारपक्ष इच्छुक नदेखिएको पौडेल बताउँछन् । सरकारसँग एमालेले आन्तरिक छलफल गरिरहेको र सहमति कार्यान्वयनमा जोड दिइने उनले जानकारी दिए । प्रदेशसभामा आज मंगलबार संसदीय समितिको बैठक राखिएको छ ।

# हेटौंडामा मनाइयो मानव बेचबिखनविरुद्धको दिवस

साझाकुरा संवाददाता

हेटौंडा, १८ भदौ/हेटौंडा उपमहानगरपालिका तथा मानव अधिकार संरक्षण तथा मानवबेचबिखन विरुद्धको सञ्जालको संयुक्त आयोजनामा मानवबेचबिखनविरुद्धको १७ औं राष्ट्रिय दिवस मनाइएको छ ।



दिवसलाई बजार केन्द्रित नगरी ग्रामीण भेगमा पनि संचालन गर्नुपर्ने ध्येयका साथ हेटौंडा उपमहानगरपालिकाको १६ नं वडामा सचेतनामूलक जोडी हाजिरीजवाफ कार्यक्रमको आयोजना गरेको छ । हेटौंडा उपमहानगरपालिकाको ६, ८, १६, १७ र १८ वडाका ११ जोडी श्रीमान् श्रीमतीले हाजिरीजवाफ प्रतियोगितामा सहभागिता जनाएका थिए । प्रतियोगितामा ८ नं वडाका रिना र हेमको जोडीले प्रथम स्थान, १७ नं वडाका टाकामाया र हेमप्रसादको जोडीले द्वितीय स्थान र १७ कै बिनु र विकासको जोडीले तृतीय स्थान प्राप्त गर्न सफल भएका थिए ।

हाजिरीजवाफ प्रतियोगितालाई सन्देशमूलक तबरबाट सञ्चालन गर्नको लागि सेलर्डबाट कानूनी र हेटौंडा उपमहानगर पालिकाबाट सामान्यज्ञानसम्बन्धी संयुक्त रुपमा प्रश्नावली तयार गरिएको थियो । प्रश्नको माध्यमबाट धेरै कुराको जानकारी दिन सकिने र सहभागीको पनि ध्यान केन्द्रित गर्न सकिने भएको हुँदा यो माध्यम निकै प्रभावकारी रहेको हेटौंडा उपमहानगरपालिकाको महिला तथा बालबालिका महाशाखा प्रमुख विष्णुकुमारी लामिछानेले वताइन् ।

प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय स्थान हासिल गर्ने जोडीलाई पुरस्कार तथा अन्य सहभागी हुने सबै जोडीलाई समेत ससम्मान उपहार प्रदान गरिएको थियो । सबैलाई मानवबेचबिखन तथा ओसारपसारविरुद्धमा सचेत गराउन जोडी बाहेक अन्य सहभागीलाइ पनि प्रश्न सोधी उपहार प्रदान गरिएको थियो ।

सचेतनामूलक कार्यक्रम हेटौंडा उपमहानगरपालिका सामाजिक विकास समितिका संयोजक एवं वडा नं १६ का वडाअध्यक्ष रामकृष्ण कोइरालाको अध्यक्षता र नगरप्रमुख मीनाकुमारी लामाको प्रमुख आतिथ्यतामा सञ्चालन भएको थियो । कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत शिवराज चौलालाइ, महिला तथा बालबालिका विकास महाशाखा प्रमुख विष्णुकुमारी लामिछाने, १७ नं वडाअध्यक्ष उद्धव सत्याल, वडासदस्यहरु, राजनैतिक दलका प्रमुख एवं प्रतिनिधिहरु, सञ्जालका संयोजक आरती पाठक, महिला जागरण समूहका अध्यक्ष तारा ढुङ्गानालगायतको उपस्थिति रहेको थियो । कार्यक्रमको सञ्चालन महिला तथा बालबालिका शाखाप्रमुख विना ठिकेले गरेकी थिइन् ।

हेटौंडा उपमहानगरपालिका र मानवअधिकार संरक्षण तथा मानवबेचबिखन विरुद्धको सञ्जालमा आवद्ध विभिन्न संघसंस्थाहरुको आयोजनामा गरिएको कार्यक्रममा १६ नं वडा कार्यालय र महिला जागरण समूहले समन्वयकारी भूमिका खेलेका थिए ।

# जन्मदिनमा रेडक्रसलाई टिसर्ट र नगद सहयोग

साझाकुरा संवाददाता

हेटौंडा, १८ भदौ/नेपाल रेडक्रस सोसाइटी मनहरी उपशाखालाई १५ थान टिसर्ट र ५ हजार १० रुपैयाँ नगद प्राप्त भएको छ ।



उपशाखाकी उपसभापति अन्जु कार्की (खुसी) ले आफ्नो जन्मदिनको अबसर पारेर सोमबार टिसर्ट नगद उपशाखालाई हस्तान्तरण गरेकी हुन् । रेडक्रसका गतिविधिलाई तीब्ररुपमा अघि बढाउनका लागि जन्मदिनमा सहयोग गरिएको कार्कीले बताइन् । उनले उपशाखाका सभापति मोहन काकीलाई रकम र टिसर्ट हस्तान्तरण गरिन् । मनहरी-८ सिमपानीस्थित रेडक्रस उपशाखा कार्यालयमा आयोजित कार्यक्रममा उपशाखाका पदाधिकारी र कार्यसमितिका सदस्यहरु सहभागी थिए ।

# वडासदस्य र वडासचिवलाई उपभोक्ता समितिबारे अभिमूखीकरण



साझाकुरा संवाददाता

हेटौंडा, १८ भदौ/उपभोक्ता समितिमार्फत गरिने विकास निर्माणका कार्यहरु सहज रुपमा सम्पन्न गर्न मनहरी गाउँपालिकामा जनप्रतिनिधि र वडासचिवलाई अभिमूखीकरण गरिएको छ । मनहरी गाउँपालिकाले वडासदस्य तथा वडासचिवलाई उपभोक्ता समितिसम्बन्धी उपभोक्ता समिति गठन प्रक्रिया, योजना सन्चालन र फछ्र्यौटलगायतको बिषयमा सोमबार अभिमूखीकरण सहित तालिम दिइएको हो ।

कार्यक्रममा गाउँपालिका अध्यक्ष रन्जन कालाखेतीले दिगो विकास र गुणस्तरीय योजना सन्चालन गर्न यस कार्यक्रमले प्रेरणा मिल्ने बताए । उनले सम्पूर्ण योजना कार्यान्वयनको चरणमा गुणस्तरमा विशेष ध्यान दिन सुझाव दिए । 'समिति गठन प्रक्रियामा सम्बन्धित टोल वा स्थानका व्यक्तिलाई समितिमा समावेश गरी योजना संचालन गर्नुपर्छ' उनले भने ।

यसैगरी प्रमुख प्रशासकीय अधिकृत मोहनकुमार श्रेष्ठले पारदर्शी, दिगो र जनमुखी ढङ्गबाट योजना संचालन र कार्यान्वयन गर्न वडासचिव तथा सदस्यहरुलाई सुझाव दिए । योजना संचालनमा आइपर्ने बाधाहरुको विषयमा सम्बन्धित वडाका जनप्रतिनिधि जानकर भएमात्र गुणस्तरीय र परिणाममुखी कार्य गर्न सकिने उनले बताए ।

२ दिनसम्म संचालन हुने तालिमलाई गाउँपालिकाका योजना शाखाप्रमुख राजेन्द्रप्रसाद चौलागाईंले आगामी दिनहरुमा वडामा संचालन हुने योजनाका उपभोक्ता समितिलाई सबै वडामा पुगेर तालिम दिइने योजना शाखाप्रमुख चौलागाईंले बताए । योजना अनुगमन तथा सुपरीवेक्षण समितिका सदस्य सविता सुवेदी बतौलाको सभाध्यक्षतामा भएको कार्यक्रममा ९ वटै वडाका वडासचिव एवं जनप्रतिनिधिको सहभागिता थियो ।

# राक्सिराङले दुईदिन विदा दिने

साझाकुरा संवाददाता

हेटौंडा, १८ भदौ/मकवानपुरको राक्सिराङ गाउँपालिकाले आगामी भदौ २१ र २२ गते बिदा घोषणा गरेको छ । सीमान्तकृत चेपाङ समुदायको उद्गमस्थलको रुपमा रहेको राक्सिराङ गाउँपालिकामा चेपाङ समुदायको छोनाम पर्व (न्वागी) का अबसरमा दुईदिन बिदा गरिएको राक्सिराङ गाउँपालिकाले जनाएको छ ।

गाउँपालिका अध्यक्ष राजकुमार मल्लका अनुसार प्रकृतिपूजक सीमान्तकृत समुदाय चेपाङको न्वागी पर्वले मुलुकको राष्ट्रिय संस्कृतिको महत्वपूर्ण अंगको रुपमा स्थान हासिल गरेको उल्लेख छ । राक्सिराङ गाउँपालिकासँगै बागमती प्रदेश सरकारले समेत भदौ २२ गतेलाई बिदा दिने निर्णय गरेको जनाइएको छ ।

मकवानपुर, धादिङ, चितवन, गोरखा, तनहूँ र लमजुङमा समेत बसोबास गर्दै आइरहेका सीमान्तकृत चेपाङ समुदाय न्वागी पर्वलाई राष्ट्रिय पर्व मानी संघीय सरकारले समेत बिदा दिनुपर्ने माग आफूहरुको तर्फबाट हुँदै आएको नेपाल चेपाङ संघका केन्द्रीय अध्यक्ष एबम् सभासद गोविन्दराम चेपाङ्ले बताए ।




सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम



Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# ६ वर्षमा ९५ पुल

विकास निर्माणका काम गर्न चाहने हो भने सफल हुने दृष्टान्त बागमती प्रदेशमा निर्माण भएको पक्की पुलले देखाएको छ । कैलाशको मनहरी खोलामा बनेको पक्की पुल होस वा मकवानपुरगढीको सामरीमा बनेको पुल । प्रदेश सरकारले निर्माण गरेको पुलबाट स्थानीयले भरपुर लाभ लिएका छन् । मनहरी गाउँपालिकाको साबिक हाँडीखोलातर्फका खहरेमा ५ वटा पक्की पुल निर्माणाधीन रहेको छ । जुन गाउँमा बर्षातको समयमा खहरे तर्न नसक्दा बिरामी परेका स्थानीयलाई अस्पतालसम्म ल्याउन पनि सकिन्न थियो । खहरेमा बाढी आउनेबित्तिकै हाँडीखोलाका कतिपय गाउँ एउटा टापुको रुपमा परिणत हुने गरेको थियो । राज्य पुन:संरचना पश्चात् प्रदेश सरकार स्थापनाको ६ वर्षमा पूर्वाधारतर्फ बागमती प्रदेशमा उल्लेख काम भएको छ । खासगरी सडक पूर्वाधारमा प्रभावकारी काम भएको बताइएको छ । २०७४ मा गठित प्रदेश सरकारले ६ वर्षको अवधिमा ९५ वटा पक्की पुल निर्माण गरिसकेको छ ।

जसमध्ये अधिकांश पुल बागमतीका प्रथम मुख्यमन्त्री डोरमणि पौडेलको कार्यकालमा भएको हो । पौडेलको कार्यकालमा मात्रै ५० वटा भन्दा बढी पुल निर्माण भएको थियो । हरेक वर्ष भौतिक पूर्वाधार क्षेत्रमा धेरै बजेट बिनियोजित गर्ने गरेको बागमती सरकारले सडक निर्माण तथा स्तरोन्नतीमा काम गर्दै आएको छ । भौतिक पूर्वाधार विकासको कार्य छिटो छरितो गर्न प्रदेश सरकारअन्तर्गत्का पूर्वाधार कार्यालयहरु जिल्ला-जिल्लामा छन् । एउटा पूर्वाधार कार्यालयले २-२ वटा जिल्ला कार्यक्षेत्र बनाएर काम गर्दै आएका छन् । प्रदेश सरकारले काम सुरु गरेयता भौतिक पूर्वाधार विकास मन्त्रालयअन्तर्गत पक्की पुल, झोलुङ्गे पुल, ढलान सडक, कालोपत्रेसहित सडक स्तरोन्नती, सडकको नयाँ ट्रयाक निर्माण, सडक ग्राभेल, मर्मतसम्भार लगायतका काम हुँदै आएको छ । वर्षौंदेखि नागरिकले सडक सुबिधाको माग गर्दै आएका थिए । आर्थिक वर्ष २०७९/८० सम्ममा बागमती प्रदेश सरकारले ९५ वटा पक्की पुल निर्माण गरेको छ । मन्त्रालयले गत आर्थिक वर्षमा मात्र २६ वटा पक्की पुल निर्माण भएको जानकारी दिएको छ । त्यसअघि ६९ वटा पुल निर्माण भएको मन्त्रालयको तथ्यांक छ । गत आर्थिक वर्ष प्रदेश सरकारले ६ वटा झोलुङ्गे पुल निर्माण गरेको छ । गत आर्थिक वर्षसम्म प्रदेश सरकारले कुल १३ वटा झोलुङ्गे पुल निर्माण गरेको छ । यसैगरी, गत आर्थिक वर्षसम्ममा पटके मर्मत सम्भारतर्फ धुले सडक एक हजार ५ सय ८४ किमि मर्मत सम्भार गरेको प्रदेश सरकारले आव २०७९/८० मा मात्र ३ सय २७ किमि धुले सडक मर्मत गरेको छ ।

गत आर्थिक वर्ष पटके मर्मतसम्भार कार्य पक्की सडकतर्फ १० किमि र ग्राभेल सडकतर्फ ३२ किमि गरिएको थियो । पक्की र ग्राभेल सडकको पटके मर्मतसम्भार गत आर्थिक वर्षदेखि सुरु गरिएको हो । गत आर्थिक वर्ष हेरालुमार्फत् ३ सय ६४ किमि मर्मतसम्भारको काम भएकोमा गत आर्थिक वर्षसम्ममा कुल एक हजार १७ किमि मर्मतसम्भारको काम भएको छ । नयाँ सडक निर्माण, स्तरोन्नती र पुन:स्थापनाको काम गर्दै आएको प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालयले गत आवमा २ सय ८१ किमिसहित कुल एक हजार ४३ किमि सडकको नयाँ ट्रयाक निर्माण गरेको छ । यो अवधिमा ९ सय ३८ किमि सडक ग्राभेल स्तरोन्नति गरिएकोमा गत आवमा मात्रै १ सय ५९ किमि सडक ग्राभेल गरी स्तरोन्नती भएको थियो । पहिले ट्रयाक निर्माण भएकासहित गत आवमा ६ सय ८० किमि सडक कोलोपत्रेसहित स्तरोन्नति भएको जानकारी मन्त्रालयले दिएको छ । गत आवमा मात्र १ सय ४३ किमि सडक कालोपत्रेसहित स्तरोन्नतिको काम भएको छ । २ सय ८३ किमि सडक ढलान भएको थियो ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० भदौ २० गते बुधबार ६ सेप्टेम्बर २०२३ । सप्तमी, भाद्र कृष्णपक्ष । गुँलागा ११४३ ने.सं. । सूर्योदय ५:४५, सूर्यास्त ६:१८ । श्रीकृष्ण जन्माष्टमी व्रत । मोहरात्री ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : चुनौतीहरु बढ्नेछन् | **तुला** | : प्रयत्न निरर्थक हुनेछ |
| **वृष** | : आम्दानी घट्नेछ | **वृश्चिक** | : व्यावसायिक काम बन्नेछ |
| **मिथुन** | : मित्रताले हर्ष बढ्नेछ | **धनु** | : सहयोगीले असहयोग गर्नेछन् |
| **कर्कट** | : कामको तारिफ हुनेछ | **मकर** | : पढाइमा प्रगति हुनेछ |
| **सिंह** | : अरुको मन लोभ्याउन सकिनेछ | **कुम्भ** | : समस्या दोहोरिन सक्नेछ |
| **कन्या** | : दाम कमाउने बेला छ | **मीन** | : घरेलु काममै अलमल हुनेछ |

# माओवादीको ओरालो यात्रा र प्रचण्डको छटपटी



✍ विष्णु रिजाल

समाजवादी मोर्चा नामक सत्तारुढ उपगठबन्धनको भेलामा भाग लिन सुर्खेत आएर १४ भदौ २०८० मा नेकपा (माओवादी केन्द्र) का अध्यक्ष तथा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले नेकपा (एमाले) का बारेमा एउटा उद्घोष गर्नुभयो ।

उहाँको भनाइ थियो– 'प्रतिपक्षी पार्टीभित्र यति ठूलो धाँजा परेको छ, नेताहरूको विशाल पंक्ति र कार्यकर्ताको ठूलो पंक्ति हैरान-परेशान भएर कहीं न कहीं विस्फोट हुने स्थितिमा पुगेको छ ।' यतिमा नरोकिएर उहाँले थप आशा गर्नुभयो– 'मलाई लाग्छ, त्यहाँबाट कहीं न कहीं कम्युनिस्ट आन्दोलनको नयाँ ध्रुवीकरण सुरु हुन्छ ।'

पुष्पकमल दाहालको यस अभिव्यक्तिबाट बुझ्न सकिन्छ: उहाँ आफ्नो पार्टीको भविष्यप्रति विश्वस्त हुनुहुन्न र एमालेलाई फुटाएर त्यसमाथि आफ्नो भविष्य खडा गर्न सकिन्छ कि भन्ने प्रयासमा हुनुहुन्छ । नेकपा (एमाले) बलियो हुँदासम्म माओवादीको भविष्य नभएकाले यसलाई फुटाउन सक्दा मात्र केही गर्न सकिन्छ भन्ने सन्देश उहाँले तुलनात्मक रूपमा बलियो रहेको कर्णालीमै आएर दिनुभएको छ ।

अरूको मृत्युमा आफ्नो जीवन देख्ने माओवादी दर्शन नयाँ होइन । आफैं केही गर्न सक्ने भन्दा पनि अरूमा संकट उत्पन्न भएर वा गराएर त्यसबाट केही गर्न सकिन्छ भन्ने माओवादीले अंगीकार गरेको नीति नै हो । पुष्पकमल दाहालले आफ्नो राजनीतिक जीवनमा प्रयोग गर्दै आएको यस नीतिलाई एमालेका सन्दर्भमा पनि एक हदसम्म असफल प्रयोग गरिसक्नुभएको छ । आफ्नो पार्टी कमजोर हुँदै जाँदा २०७४ मा नेकपा (एमाले) सँग चुनावी मोर्चा र पछि पार्टी एकता गर्न बाध्य हुनुभएका उहाँले बलियो कम्युनिस्ट पार्टीका लागि नभएर आफ्नो भविष्यको सुरक्षित अवतरणका लागि त्यो कदम चाल्नुभएको पुष्टि हुन धेरै कुर्नै परेन ।

तर, उहाँको सफलता के हो भने विभाजन हुँदा उहाँले साविक एमालेलाई केही हदसम्म क्षति पुऱ्याउने सफलता हात पार्नुभयो । सिंगो पार्टी र देशको नेतृत्व गरिसक्नुभएका नेताहरूलाई सम्मोहन लगाए झैं गरी एमालेबाट बाहिर निकालेर आफ्नो उपग्रहका रूपमा समाजवादी नामक पसल थाप्न लगाउनु प्रचण्डको कम सफलता होइन । अहिले पनि उहाँलाई आफ्नो पार्टीभन्दा बढी एमालेको चिन्ता छ । एमालेमा क्रमश: विभाजनका घाउ पुरिँदै जाँदा, यसले आफूलाई थप बलियो बनाउँदै जाँदा र यसका पक्षमा जनमत बौरिँदै गर्दा प्रचण्डलाई फेरि चिन्ता थपिएको छ ।

एमालेका विरुद्धमा गठबन्धन बनाउँदा पनि, एमालेलाई विभाजित गर्दा पनि, एमालेलाई एक्ल्याउनका लागि सम्भव उपायको अवलम्बन गर्दा पनि, एमालेको मतमा प्रधानमन्त्री भएर एक महिनाभित्रै धोका दिंदा पनि एमाले अविचलित रूपमा अघि बढिरहेको र आफ्नो अभियानका साथ गाउँ-गाउँमा पुगिरहेको देख्दा प्रचण्डलाई छटपटी भएको बुझ्न सकिन्छ । यसबाट के पनि देखिन्छ भने राजनीतिमा सर्पले जमिनको चाल थाहा पाए झैं हावा कता बहेको छ भन्ने थाहा पाउने पुष्पकमल दाहाललाई प्रधानमन्त्री भए पनि चैनको निद्रा लाग्न सकेको छैन । यही भएर उहाँले फेरि एमालेभित्र विग्रह ल्याउन सकिन्छ कि भन्ने कोसिस गरेको बुझ्न सकिन्छ ।

आजको एमाले संकटबाट पार भएको एकताबद्ध र सुदृढ एमाले हो, गुटहरूको मोर्चा होइन । पार्टी निर्माण गरेका र पार्टीले व्यक्तित्व निर्माण गरेका नेताहरूले व्यक्तिगत कुण्ठा र टकरावका कारण पार्टी छाड्दा पनि यसका लाखौं कार्यकर्ताले मन दह्रो बनाएर, पेटमा पटुका कसेर पार्टीलाई बचाएका छन्, माथि उठाएका छन् । त्यसैले आजको एमाले कसैले धूपबत्ती बाल्दैमा प्रभावित भइहाल्ने अवस्थामा छैन । अध्यक्ष केपी शर्मा ओलीको नेतृत्वमा एकताबद्ध र दृढ रहेको पार्टीभित्र कहींकतै छिद्र छन् कि भनेर खोज्नुभन्दा आफ्नै पार्टीभित्रका उपगुटहरूलाई मिलाउनु धेरै बुद्धिमानी काम हुन्छ ।

वस्तुत: माओवादी आन्दोलन विघटनको सँघारमा छ । हिजो उठाएका मूल्यहरूको आधारमा हेर्दा त माओवादी आन्दोलन विसर्जन नै भइसकेको छ । तर, पार्टीका रूपमा चाहिं सानोतिनो भए पनि बँचेकाले माओवादीको नाम चाहिं छ । आफैंले वर्गशत्रु, बुर्जुवा, दक्षिणपन्थी र कहिले त प्रतिक्रियावादी वर्ग समेत भनिरहेको नेपाली कांग्रेसको वैचारिक नेतृत्वमा हिंडेपछि माओवादीले आफूलाई हिजोको उत्तराधिकारी भन्न मिल्दै मिल्दैन । साथै, माओवादी आन्दोलनलाई १० वर्षसम्म एकसाथ हाँकेका प्रमुख नेताहरू पनि आज एकै ठाउँमा छैनन् ।

जस्तो कि मोहन वैद्य, बाबुराम भट्टराई, रामबहादुर थापा, नेत्रविक्रम चन्द, सीपी गजुरेल, लेखराज भट्ट जस्ता कुनै वेलाका माओवादी आन्दोलनका प्रमुख हस्तीहरू आज यो पार्टीमा छैनन् । त्यसैले यसै पनि माओवादी आन्दोलनको उत्तराधिकारमा प्रश्न खडा भएकै थियो, झन् कांग्रेससँग मिलेपछि त बँचेखुचेको कम्युनिस्ट साख पनि संकटमा परेको छ । माओवादी सत्तामा छ । २७५ सदस्यीय प्रतिनिधिसभामा जम्मा ३२ सिट अर्थात् ११ प्रतिशत संख्या भए पनि संसद्को गणितका कारण माओवादीले सरकारको नेतृत्व गर्न पाएको छ ।

सत्ताका लागि जोसँग पनि मिल्ने र जे पनि गर्ने भएका कारण पुष्पकमल दाहालले एमालेसँग मिलेर सरकार बनाउनुभयो, एक महिनाभित्रै कांग्रेससँग लहसिनुभयो । अहिले उसैसँग मिलेर सरकार चलाइरहनुभएको छ । खेलो-फड्कोका आधारमा सत्तामा जानु एउटा कुरा हो तर आजको माओवादीमा कुनै स्वत्व बाँकी छैन । केही बाध्यकारी घटनाहरूमा भएको छानबिनको लाभ लिन जति खोज्दा पनि त्यसको वास्तविक सुई स्वयम् माओवादी नेताहरूतिर सोझिएपछि त्यो हतियारमा पनि खिया लागिसकेको छ ।

सत्ताको वरिपरि रमाउने निश्चित वर्ग, नियुक्ति पाउने कार्यकर्ता पंक्ति, सीमित नेता र तिनका आसेपासे बाहेक एजेन्डाका हिसाबले माओवादी नेतृत्वको सरकारको कुनै अनुभूति उसकै कार्यकर्ताले गर्न सक्ने अवस्था छैन । मुलुकको अर्थतन्त्र र परराष्ट्र नीति कांग्रेसलाई जिम्मा दिएर नवीनता दिन्छु भन्नु खुट्टा बाँधिएको धावकले 'म म्याराथुन जित्छु' भने जस्तै मात्र हुन्छ । माओवादीमा आज कुनै आकर्षण छैन । पुराना कार्यकर्ताहरू आफ्नै सपनाको मलामी बन्न विवश छन्, नयाँ कोही आउन तयार छैन । हिजो नेकपा विभाजित हुँदा माओवादी पृष्ठभूमिका कैयौं नेता-कार्यकर्ताले एमाले रोजे तर एमाले पृष्ठभूमिको एक जना पनि माओवादीतिर गएनन् ।

अझ हिजो माओवादीतिर लागेकाहरू पनि धमाधम एमालेमा फर्किरहेका छन् । माओवादीले बन्दुक बिसाउँदा जन्मेको मानिस आज १७ वर्षको नागरिक भइसकेको छ र उसलाई माओवादीको कथित 'जनयुद्ध'को महिमा गाएर पुराना घटनाको हिस्सेदारी लिनु छैन । पुराना बँचेखुचेका कार्यकर्ता, अरू पार्टीमा जाँदा भविष्य नभएका, युद्धमा लागेका कारण मालामाल भएका, माओवादी सरकारमा जाँदा त्यसबाट लाभ लिन पाउने निश्चित मानिस मात्र आज माओवादी पार्टीमा छन् । यी मानिसहरू सक्रिय रहुञ्जेल अझै केही समय माओवादीको साइनबोर्ड चल्छ । तर, नयाँ पुस्ताको विल्कुल आकर्षण नभएको माओवादी पार्टीको कुनै भविष्य छैन भन्नेमा द्विविधा छैन ।

माओवादीले अहिले एमालेको 'मिसन ग्रासरुट' को सिको गर्दै 'जनजनमा माओवादी, घरघरमा माओवादी' नामक अभियान चलाएको घोषणा गरेको छ । यस्तो नाम सुन्दा मात्रै पनि गाउँघरका आम मानिसहरू तर्सिने अवस्था छ ।

हिजो माओवादीका ज्यादती र यातना भोगेका मानिसहरू फेरि माओवादी घरघरमा आउने भयो भन्ने खबरले खुसी कसरी हुनसक्छन् र ? कथित 'जनयुद्ध'का नाममा पकाएको खाना खान नदिएको, थकाइ लागेको वेला सुत्न नदिएको, परिवारका सदस्यहरूको आफ्नै अगाडि हत्या गरेको जस्ता अपराध मानिसले बिर्सेका छैनन् । फेरि तिनै माओवादी घरघरमा आउँदा के अनिष्ट हुन लाग्यो भन्ने अवस्था छ ।

यस्तो पार्टीले जतिसुकै बल गरे पनि थप जनसमर्थन जुटाउन असम्भव छ । भएका आफ्ना कार्यकर्तालाई भुलाउने, फकाउने र सक्रिय राख्ने काम त होला, त्यसबाहेक माओवादीमा यस्ता कुनै पनि अभियानले आकर्षण बढाउन सम्भवै छैन । माओवादीले जतिवेला रूपान्तरण अभियान सञ्चालन गरेको छ, त्यतिवेला उसका शीर्षस्थ नेताहरू एकपछि अर्को गर्दै काण्डहरूमा मुछिएका छन् । तस्करसँग कसैका तस्वीर सार्वजनिक भएका छन्, कसैका कल डिटेल सार्वजनिक भएका छन् । आफू मात्र होइन, परिवारै तस्करीमा लागेका समाचारहरू सार्वजनिक भएका छन् ।

यस्तो वेलामा माओवादी कार्यकर्ताले बुझ्ने/बुझाउने रूपान्तरण कस्तो होला ? ती नेताहरूले आम मानिससँग गएर भन्ने कुरा के होला ? माओवादीका सच्चा कार्यकर्ताहरूका मनमा के यस्ता प्रश्न छैनन् होला र ? माओवादी निरन्तर ओरालो यात्रामा छ । यो कुनै आरोप होइन, तथ्यहरू नै साक्षी छन् । माओवादी शान्ति प्रक्रियामा आएयताका चार वटा निर्वाचनलाई नियाल्दा पाँचौं निर्वाचन (२०८४) कस्तो होला भन्ने सहजै अनुमान लगाउन सकिन्छ ।

२०६४ को पहिलो संविधानसभाको निर्वाचनमा माओवादीले प्रत्यक्षतर्फ २४० सिटमध्ये एक्लै १२० सिट अर्थात् ५० प्रतिशत जितेको थियो भने समानुपातिकतर्फ २९.२२ प्रतिशत मत ल्याएको थियो । पाँच वर्ष नपुग्दै २०७० सालमा सम्पन्न संविधानसभाको दोस्रो निर्वाचनमा माओवादी घटेर प्रत्यक्षतर्फ २७ सिटमा खुम्चिएको थियो भने समानुपातिक मत पनि झण्डै आधा घटेर १५.२१ प्रतिशतमा झरेको थियो ।

२०७४ मा एमालेसँग मिलेर चुनाव लड्दा माओवादीले प्रत्यक्षतर्फ १६५ सदस्यीय प्रतिनिधिसभामा ३६ सिट जितेको थियो भने समानुपातिक मत चाहिं घटेर १३.६५ प्रतिशतमा झरेको थियो । अनि २०७९ सालमा कांग्रेससँग मिलेर चुनाव लड्दा माओवादीले प्रत्यक्षतर्फ आधा क्षति भोगेर १८ सिटमा चित्त बुझाउनु परेको छ भने समानुपातिक मत १३.६३ प्रतिशतमा झरेको छ । माओवादीको यस ओरालो यात्राबाट त्यसका आजीवन सुप्रिमो हतास हुनुहुन्छ । सबै दल र नेतालाई झैं उहाँको दिमागमा पनि २०८४ साल नाचिरहेको छ । २०७४ मा एमालेसँग र २०७९ मा कांग्रेससँग नमिलेको भए माओवादीको के हालत हुनेथियो भन्ने राम्ररी बुझेकाले होला, २०८४ अघि समाजवादी मोर्चाका नाममा हुन्छ कि एमालेमा विग्रह गराएर हुन्छ, केही गर्न सकिन्छ कि भन्ने प्रयासमा उहाँ लागेको देखिन्छ ।

तर, अब माओवादीको निरन्तरको यस ओरालो यात्रालाई पुष्पकमल दाहाल त के, तियानमेन स्क्वायरमा चिरनिद्रामा राखिएका कमरेड माओ स्वयम् उठेर आए पनि रोक्न सम्भव छैन । त्यसैले एमालेमा विध्वंस हुन्छ भनेर पर्खिनुभन्दा जहाँबाट गल्ती भएको हो, छिट्टै त्यही विन्दुमा फर्किनुबाहेक अर्को सहज विकल्प छैन ।

*(साभार: अनलाइनखबर)*

# नव-स्वीकारोक्तितर्फ धकेलिँदै देश

✍ सुशील प्याकुरेल

ललिता निवास जग्गा काण्ड छानबिन चर्चा चल्दै गर्दा भुटानी शरणार्थी काण्ड सतहमा आयो । त्यही चर्चाकै बीचमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट भन्सार छलेर ल्याइएको ६१ किलो सुन काण्डको भुमरीमा देश फस्यो । लामो समयदेखि छानबिन हुनैपर्ने गौर हत्याकाण्ड यसैबीच चर्चामा ल्याएर अचानक त्यसलाई केही नगर्नुपर्ने सूचीमा राखियो । काण्डहरूको होहल्लाले जनताको ध्यान खिचेको मौका पारेर संविधान र विधिको शासनमाथि धावा बोल्ने कार्यलाई अहिले झनै तीव्र बनाइएको छ ।

वर्तमान गठबन्धन सरकारका प्रधानमन्त्रीले देशबाट भ्रष्टाचार निर्मूल पार्ने र सुशासन स्थापित गर्ने वाचा गर्दैगर्दा सतहमा आएका तथ्यहरूले प्रधानमन्त्री आवासले चर्चेको सरकारी जमिन व्यक्ति र काल्पनिक गुठीका नाममा नामसारी गर्ने कार्यमा स्वयं वर्तमान प्रधानमन्त्री र विभिन्न कार्यकालका प्रधानमन्त्री एवं उच्चपदस्थ सरकारी अधिकारीहरू संलग्न भएका तथ्यपूर्ण सूचना सार्वजनिक छन् ।

ललिता निवास काण्डको छानबिनकै बीचमा आफ्नै देशका नागरिकलाई बाह्य मुलुकमा अर्कै देशको शरणार्थी बनाएर पठाउनेजस्तो जघन्य अपराधमा राज्यको उच्चतम ओहदामा पुगिसकेका ठूला दलका नेता र उच्च अधिकारीको संलग्नता देखियो । त्रिभुवन विमानस्थल भन्सारबाट गरिने सुन तस्करीमा सत्ताधारी दलका नेता, तिनका परिवार र प्रतिष्ठित व्यावसायिक घराना नामधारी तस्करहरूको संलग्नता पुष्टि भएको छ । संक्षेपमा भन्ने हो भने देश काण्डैकाण्डको बीचमा पिल्सिँदै छ ।

काण्डहरूको अनुसन्धान प्रक्रिया र तरिकाबारे जनस्तरबाट प्रश्न र शंका अभिव्यक्त हुँदै गर्दा 'गठबन्धन कोटरी' को निर्देशनमा सरकारले छानबिनमा संलग्न उच्च प्रहरी अधिकृतहरूको सरुवा गऱ्यो । एकातिर प्रधानमन्त्री र गृहमन्त्रीले सार्वजनिक रूपमा अनुसन्धानमा संलग्न प्रहरीबारे शंका नगर्न र छानबिनको निष्पक्षतामा बाधा नपुऱ्याउन सचेत गर्ने, अर्कातिर प्रधानमन्त्री र पूर्वप्रधानमन्त्री सहितको कोटरीको निर्देशनमा प्रहरी अधिकृतहरूको सरुवा हुने ! हाल पक्राउ परेका र शंकाको घेरामा रहेका भनी चर्चा गरिएका नेता तथा तिनका सन्तान र आसेपासेको काण्डमा संलग्नता पुष्टि भए पनि तिनलाई जोगाउने र अनुसन्धानले अरू नाम अगाडि नल्याओस् भन्ने प्रयत्नमै यो 'सरुवाकाण्ड' मच्चाइएको हो भन्ने स्पष्ट भएको छ । विभिन्न काण्डलाई ढाकछोप गर्न 'गठबन्धन कोटरी' ले महाकाण्ड रचेको छ ।

प्रधानमन्त्री र मन्त्रीहरूको असली नियत भाषणमा दोहोऱ्याउँदै गरेजस्तो सुशासन कायम गर्ने होइन, सस्तो प्रचारबाजीमा रमाउने देखियो । नक्कली शरणार्थी काण्ड छानबिन गर्दै गयो, गठबन्धनकै नेताहरूको अनुहार देखिन्छ । ललिता निवास काण्ड छानबिन गर्दै गयो पूर्वमन्त्री र पूर्वप्रधानमन्त्रीहरूमाथि मुद्दा चल्नुपर्ने खण्ड आइपर्छ । सुन तस्करीको छानबिन गर्दै गयो माओवादी पार्टीका नेता कार्यकर्ता त्यसमा संलग्न देखिन्छन् । गौर हत्याकाण्डजस्तो जघन्य अपराधमा छानबिन गर्नैपर्ने हो, त्यसमा गठबन्धनका अर्का मुख्य नेता नै संलग्न छन् । वास्तवमा यो सरकारको जग नै महाकाण्डहरूले निर्माण भएको छ र यसले छानबिनलाई निष्पक्ष र स्वतन्त्र रूपले निष्कर्षमा लैजान सक्दैन भन्ने स्पष्ट भएको छ ।

अर्कातिर, आफूलाई संविधानको मर्यादा र विधिको शासन स्थापित गर्न बनेको बताउने गठबन्धन सरकारले मर्यादा र विधि दुवै कुल्चँदै सत्ता टिकाउन सर्वोच्च अदालतको आदेश उल्लंघन गरेको छ । सर्वोच्चले हत्याजस्तो अपराधमा दोषी ठहर गरेको र माफी नदिनु भनेको व्यक्तिलाई राष्ट्रपति पदको समेत दुरुपयोग गर्दै माफी दिएर दण्डहीनताको उदाहरण प्रस्तुत गरेको छ । जघन्य हत्याकाण्डमा छानबिन गर्ने समझदारीको मसी नसुक्दै सरकार बचाउनका लागि हत्या काण्डका नाइकेमाथि छानबिन नगर्ने प्रधानमन्त्रीको अभिव्यक्ति सार्वजनिक भएको छ । फेरि हिंसात्मक कार्यमा संलग्न समूह र व्यक्तिहरूलाई पनि शान्तिप्रति प्रतिबद्धता जनाए विगतको हिंसामा जवाफदेही नबनाउने उद्देश्यसहित कानुन बनाउने प्रयास भएको छ, जुन नेपालीको सामाजिक धरातल नै उल्टाउने खालको छ ।

संविधान र विधिको शासनमाथि कसरी निर्घात आक्रमण गरिएको छ भन्ने तथ्य कोशी प्रदेशमा सरकार गठनमा प्रस्तुत गरिएको निर्लज्जताले थप उजागर गरेको छ । गठबन्धन सरकारको निर्देशनमा प्रदेशसभाका सभामुखले मुख्यमन्त्रीमा दाबी पेस गर्ने बेला हस्ताक्षरसहित समर्थन गरे । संविधानविपरीत यस्तो कार्यलाई प्रदेश प्रमुखले वैधानिकता दिँदै सभामुखसहितको समर्थनबाट बहुमत जुटाएका सदस्यलाई मुख्यमन्त्री नियुक्त गरे । राष्ट्रपति, प्रदेशप्रमुखजस्ता संविधानको संरक्षण गर्ने दायित्व भएका पदहरूको दुरुपयोग हुन पुग्यो । सभामुखको समर्थनलाई सर्वोच्चले अस्वीकार गरेलगत्तै अदालतकै मानहानि हुने गरी गठबन्धन सरकारले फेरि उस्तै नाटक दोहोऱ्यायो ।

प्रधानमन्त्री पुष्पकमल दाहालको गैर जिम्मेवारीपूर्ण व्यवहारले देश द्वन्द्वको भुमरीतर्फ धकेलिँदै छ । आफ्नो दलको सहमतिमा नामकरण गरिएका प्रदेशहरूलाई आफूले बहुमत पाए सबै प्रदेशको नाम पहिचानको आधारमा पुन: नामकरण गर्ने सार्वजनिक घोषणा उनले गरेका छन् । यस्तो अभिव्यक्तिले देशभर जातीय र धार्मिक उन्मादलाई प्रशय दिएको छ ।

धर्मनिरपेक्ष देशका प्रधानमन्त्रीको भारत भ्रमणमा गेरुवा वस्त्रमा पूजापाठको संलग्नताले विभिन्न धर्मावलम्बी नेपालीमा शंका उत्पन्न भएको छ । उग्र हिन्दुत्ववादी भारतीय गुरुको स्वागत सत्कारमा सरकारका गृहमन्त्री र मन्त्रीहरू नै उपस्थित हुनुले तिनलाई नेपालको संवैधानिक व्यवस्थाविरुद्ध हुंकार गर्न प्रेरित गरेको छ । प्रधानमन्त्री दाहालको चरित्र हदैसम्म दोहोरो, द्वन्द्व भड्काउने र देशको सामाजिक चरित्रमाथि धावा बोल्ने तहमा पुगेको स्पष्ट देखिएको छ र उनका अवसरवादी गतिविधिले देश नियोजित द्वन्द्वतिर धकेलिँदै छ । विदेशी शक्तिसँग नेपालको अडान राख्न नसक्ने सरकार प्रमुखबाट 'ईपीजी' प्रतिवेदन वा लिम्पियाधुरा-कालापानीको विषय उठ्ला भन्ने आशा गर्न सकिन्न ।

नागरिक समाज तथा मिडियाले गर्नुपर्ने खबरदारी अचम्म लाग्ने गरी बेवास्ता गर्दा नेपाली समाज 'न्यु नर्मल' को अवस्थातर्फ द्रुत गतिमा धकेलिँदै छ । यसले समाजमा मूल्य र मान्यताको अवमूल्यन मात्रै गरेको छैन, नेपाली जनजीवनको नैतिक धरातल द्रुत गतिमा स्खलित हुँदै गएको छ । नेपाली समाज आज यस्तो 'नव-स्वीकारोक्ति (न्यु नर्मल)' को अवस्थामा पुगेको छ । भारतको धार्मिक कट्टरतावादी राजनीतिक संस्था 'राष्ट्रिय स्वयंसेवक संघ' को अनपेक्षित सक्रियता र विवादास्पद 'बाबा' हरूको नेपालमा ओइरो लागेको र उनीहरूको नेपालको संविधानविपरीत र विखण्डनकारी अभिव्यक्तिमा नेपालका प्रभावशाली मिडियाको मौनताले पनि न्यूनर्मल तर्फ देशलाई धकेल्न सहयोग गरेको छ ।

देश चिन्ताजनक अवस्थामा पुगिसक्दा पनि संवेदनशील विषयहरूमा देखिनुपर्ने गम्भीरता प्रतिपक्षी दल र नयाँ भनिएका दलहरूमा नदेखिनु अर्को चिन्ताको विषय भएको छ । संसद्मा देखिएको कर्मकाण्डी व्यवहारले जनता निराश भएका छन् । प्रतिपक्षी दलहरू जनतासमक्ष पुग्न किन उदासीन भएका हुन् भन्ने प्रश्न उठ्नु स्वाभाविक हो ।

देशमा विभिन्न काण्ड उजागर हुँदै जाँदा संविधानको खिलाफका कार्यमा मौन बस्ने, संविधानविपरीत जानेलाई जोगाउने र हरेक काण्डका नाइकेलाई छानबिनको दायरामा नल्याउने कार्यमा गठबन्धनका प्रधानमन्त्री र ठूला दलका नेताहरूबाट भएका गतिविधिले देशलाई महाकाण्डको भुमरीमा पुऱ्याएको छ । यस्तो बेला संसद्मा सबैभन्दा ठूलो दल र प्रमुख प्रतिपक्ष एमालेले महाकाण्डका नायकविरुद्ध दबेको स्वरमा मात्र विरोध गर्ने र संसद्भित्र मात्र आफ्नो आवाज सीमित रहने क्रियाकलापले लोकतन्त्र झनै संकटमा फस्दै गएको छ ।

विगतमा राष्ट्रिय सवालहरूमा संसद् र जनपरिचालन दुवैमा सक्रिय एमाले अहिले जनपरिचालनप्रति उदासीन देखिएको छ । कट्टरतावादी, विभाजनकारी र प्रतिगामी तत्त्वहरूले टाउको उठाउँदै गर्दा संविधान नै धरापमा पर्न सक्ने खतरा देखिँदै छ । यस्तो अवस्थामा समस्त देशप्रेमी र लोकतन्त्र पक्षधर व्यक्ति, राजनीतिक दल तथा र समूहहरूलाई एकताबद्ध भई लामो संघर्षबाट स्थापित संघीय लोकतान्त्रिक गणतन्त्रको संरक्षणमा अगाडि बढ्नु आवश्यक भएको छ ।

*(साभार: ई-कान्तिपुर)*

### एसिया कप क्रिकेट :

# भारतविरुद्ध नेपालको निडर प्रदर्शन



काठमाडौं/एसिया कप क्रिकेटमा नेपालले सोमबार बलियो टोली भारतसँग खेल्दा रिजल्ट अनुमान योग्य थियो । विश्व च्याम्पियन भइसकेको, एकदिवसीय क्रिकेटमा हजार ३४ खेल खेलेको भारतलाई नेपालले हराउने अपेक्षा थिएन । अपेक्षा थियो त नेपालले राम्रो क्रिकेट खेलोस् ।

श्रीलंकाको पल्लेकेलेमा वर्षाले प्रभावित खेलमा भयो त्यस्तै । खेल भारतले १० विकेटले जित्यो, मन चाहिँ नेपालले । खासगरी मोहम्मद शामी, मोहम्मद सिराज र हार्दिक पाण्डे लगायतका विश्व स्तरका भारतीय बलरहरुलाई नयाँ ब्याट्सम्यानहरुले जसरी सामना गरे, त्यो तारिफ योग्य छ ।

प्रशिक्षक जगत टमाटा भन्छन्, 'वर्ल्डक्लास टिमसँग राम्रो क्रिकेट खेलोस् भन्ने थियो, उनीहरुले त्यही गरे । नेपालले सोचेभन्दा धेरै राम्रो खेल्यो ।'

टस जितेका भारतका कप्तान रोहित शर्माले नेपाललाई ब्याटिङको निम्तो दिए । अनि फस्ट बलरद्वय मोहम्मद सामी र मोहम्मद सिराजलाई एक अर्को इण्डबाट बलिङ गराए । त्यसका बाबजुद नेपालका ओपनरद्वय कुशल भुर्तेल र आशिफ शेखले राम्रो सुरुवात दिलाए । दुबैले सम्हालिएर ब्याटिङ गरे, पाएको मौकालाई सदुपयोग गर्दै बाउन्ड्री पनि मारे ।

भारतलाई पहिलो विकेट लिन पावर प्लेको अन्तिम दोस्रो बल कुर्नु परेको थियो । चार-चार ओभर बलिङ गर्दा पनि सामी र सिराजले विकेट लिन नसकेपछि भारतीय कप्तानले नवौं ओभरमा हार्दिक पाण्डेयलाई बल थमाएका थिए । उनलाई पनि दुबैले एकएक बाउन्डी हाने ।

दशौं ओभरमा आएका शार्दुल ठाकुरलाई चौथो बलमा कुशलले छक्का हानेका थिए । तर अर्को बलमा विकेट लिए । २५ बलको सामना गरेका कुशलले तीन छक्का र दुई छक्काको मदतमा ३८ रन बनाए ।

नेपालको यो राम्रो थालनीमा भारतको तीन क्याच ड्रपले सहयोग पुगेको थियो । पहिलो ओभरको अन्तिम बलमै भुर्तेललाई आउट गर्ने राम्रो अवसर मोहम्मद शामीले सिर्जना गरेका थिए । तर स्लिपमा श्रेयस ऐयरले ड्रप गरे ।

लगत्तै दोस्रो ओभरको पहिलो बलमै मोहम्मद सिराजले नेपालका अर्का ओपनर आसिफलाई क्याच आउट गर्ने अवसर सिर्जना गरेका थिए । फेरि क्याच ड्रप भयो । विराट कोहलीले सजिलो बल समात्न सकेनन् ।

पाँचौं ओभरको दोस्रो बलमा शामीले भुर्तेललाई आउटको अर्को अवसर सिर्जना गरे । तर विकेट किपर इसान किसानले ड्रप गर्दा बल बाउण्ड्रीमा पुग्यो ।

अर्को रोचक त आठौं ओभरको पहिलो बलमा अम्पायरले भुर्तेललाई एलबीडब्लू आउट दिएका थिए । तर नेपालले रिभ्यू लियो र थर्ड अम्पायरले विकेटको निर्णय सच्याए । भारतको एकपछि अर्को कमजोर फिल्डिङ, अनि रिभ्यूको सही निर्णयको बलमा नेपालले पहिलो विकेटका लागि ६५ रनको महत्वपूर्ण साझेदारी गरेको थियो ।

त्यसपछि नेपालको रनको गति धिमा भयो । आशिफले एउटा इण्ड सम्हाले पनि अर्कोतिर विकेट गुइरह्यो । भीम सार्की ७, रोहितकुमार पौडेल ५ र कुशल मल्ल मात्र २ रनमा आउट भए । जतिबेला नेपालको स्कोर १०१/४ थियो । त्यसपछि भने नेपालले केही सम्हालियो ।

छैटौं नम्बरमा आएका गुल्सन झाले आशिफसँग ३१ रनको साझेदारी गरे । ८८ बलमा अर्धशतक बनाएका आशिफ ३० औं ओभरको पाँचौं बलमा आउट भए । उनले सर्वाधिक ५८ रन बनाए । थप १२ रन जोड्दा झा पनि व्यक्तिगत २३ रनमा आउट भए ।

सोमपाल कामी र दीपेन्द्र सिंह ऐरीले अर्को महत्वपूर्ण साझेदारी गरे । । दुबैले सातौं विकेटका लागि ५० रनको महत्वपूर्ण साझेदारी गरे । ४२औं ओभरको पहिलो बलमा ऐरी २९ रनमा आउट भए, जतिबेला नेपालको स्कोर १९४/७ थियो । त्यसपछि पनि सोमपालले केही ठूला शर्ट खेले । अर्धशतक बनाउन मात्र २ रन चाहिएको बेला उनी ४७.२ ओभरमा आउट भए । ५६ बलको सामना गरेका उनले एक चोका र दुई छक्को मदतमा ४८ रन बनाए ।

त्यो बेलासम्म पनि नेपालसामू पुरै ५० ओभर खेल्ने अवसर थियो । तर सन्दीप लामिछाने रन आउट भए भने ललित राजवंशी क्लिन बोल्ड भएपछि नेपाल ४८.२ ओभरमा २३० रन बनाएर अलआउट भयो ।

यद्यपि भारतविरुद्ध नेपालले बनाएको यो स्कोर निकै राम्रो भएको बताउँछन् पूर्व कप्तान ज्ञानेन्द्र मल्ल । आज टप अर्डरले दिलाएको सुरुवातको जगमा नेपालले निकै राम्रो स्कोर बनाएको भन्दै उनी अघि भन्छन्, 'यदि मिडल अर्डर कोल्याप्स नभएको भए २५० प्लस हुन्थ्यो । यो भनेको प्रतिस्पर्धात्मक स्कोर हुन्थ्यो ।'

जिम्बावेमा भएको विश्वकप छनोटमा अर्को टेष्ट टिम वेष्टइण्डिजविरुद्ध शर्ट बलमा नेपाली ब्याट्सम्यानहरुले संघर्ष गरेका थिए ।

एसिया कपको पहिलो खेलमा पाकिस्तानले नेपालविरुद्ध फरक रणनीति लियो । उसका फास्ट बलरहरुले बललाई स्वीङ गराए र नेपाली ब्याट्सम्यानहरुले विकेट गुमाए ।

तर भारतको स्वीङ गराउने र शर्ट बल खेल्ने दुबै रणनीतिमा नेपालले राम्रो जवाफ दिएको छ । 'आज सबैभन्दा सुधारिएको पक्ष भनेको नेपालले शर्ट बलमा पनि राम्रो शर्टहरु खेल्यो' पूर्व कप्तान पवन अग्रवाल भन्छन्, 'हामीले भारतसँग डिफेन्सिभ खेलेनौं । हामीले पाएका सर्टहरु आक्रमक भएर नै खेल्यौं ।'

भारतका लागि मोहम्मद सिराज र रवीन्द्र जडेजाले समान ३/३ विकेट लिए भने मोहम्मद समी, हार्दिक पाण्डेय र शार्दुल ठाकुरको नाममा एकएक विकेट रह्यो ।

**भारतको सहज जित**

जवाफी ब्याटिङ थालेको भारतले २.१ ओभरमा १७ रन बनाएको बेला पानीले खेल रोकियो । भारी वर्षा भएपछि करिव २ घण्टा खेल रोकियो र डीएल मेडथका आधारमा खेल २३ ओभरमा छोट्याइयो । अनि भारतले पायो १४५ रनको नयाँ लक्ष्य ।

निकै अनुभवी भारतीय कप्तान रोहित शर्मासँगै शुभमन गिलका लागि नेपाली बलरहरुको सामना गर्न खासै गाह्रो भएन । २०.१ ओभरमा विना विकेटको क्षतिमा भारतले जित्यो । रोहित ७९ र गिल ६३ रनमा अविजित रहे । नेपालका कप्तान रोहितकुमार पौडेलले भारतीय ओपनरद्वयको तारिफ गरे ।

उनले नेपालको तल्लो अर्डरले पनि पछिल्लो समय राम्रो गरेको भन्दै भने, 'मध्यक्रममा केही राम्रो गर्न सकिन्थ्यो । हामीलाई ३०/४० रन कम भयो । यदि त्यसो गर्न सकेको भए २६०/२७० रन हुन्थ्यो ।' भिजेको फिल्डले पनि असर गरेको खेलमा बलरहरुले पनि राम्रो गरेको उनले सुनाएका छन् ।

*(स्रोत: अनलाइनखबर)*

# २०८१ को नयाँ वर्षमा रेखाको 'उपहार'



काठमाडौं/फिल्म रिलिजका लागि दशैं-तिहार जत्तिकै विशेष र महत्त्वपूर्ण मानिन्छ, नेपाली नयाँ वर्ष । 'न्यू इयर मूड' हुने भएकाले धेरैजसोको रोजाईमा फिल्म पर्छ । यसैले हरेक वर्षको नयाँ वर्षमा फिल्म रिलिज गर्न नेपाली निर्माताबीच राम्रै रस्साकस्सी हुन्छ । र, आगामी २०८१ को नयाँ वर्षमा पनि ठूलो भिडन्तको सम्भावना देखिएको छ । अहिलेसम्म नयाँ वर्षमा दुई फिल्म आउने तय भैसकेको छ ।

रामबाबु गुरुङको निर्देशनमा बन्न लागेको फिल्म 'डिग्री माइला : एमए थर्ड क्लास' र ज्ञानेन्द्र देउजाको निर्देशनमा अहिले छायांकन भैरहेको फिल्म 'उपहार'बीच आगामी नयाँ वर्षमा भिडन्त हुन लागेको हो । यद्यपि, दुवै फिल्मले यकिन मिति भने घोषणा गर्न बाँकी छ । यी दुईटै फिल्मले २०८१ को नयाँ वर्ष भनेर मात्र घोषणा गरेको अवस्था छ । तर, आगामी वर्षमा नयाँ वर्ष शनिबार परेको छ ।

'उपहार'का वितरक करण श्रेष्ठले अहिलेसम्म फिल्मलाई बैशाख १ गते अर्थात् शनिबार नै प्रदर्शन गर्ने तयारी रहेको जानकारी गराए । उनले भने, 'नयाँ वर्ष नेपाली फिल्मका लागि सधैं विशेष हुन्छ । तर, यसपटक शनिबार नयाँ वर्ष परेको छ । हाम्रो योजना चाहिँ बैशाख १ गते फिल्म लगाउने भन्ने छ । तर, अरु फिल्म चैत ३० गते आएको अवस्थामा हामी पनि एकदिन अगाडि आउन सक्छौं ।'

'उपहार'मा रेखा थापा, पूजा शर्मा, बेनिशा हमाल, मुकुन भुषाल, समर्पणजंग कार्की, शिशिर राणा, तेज गिरीलगायतको अभिनय छ भने 'डिग्री माइला'मा दयाहाङ राई र आँचल शर्माको मुख्य भूमिका रहनेछ । स्टारकास्टको हिसाबले दुवै फिल्म बलियो देखिएका छन् । तर, अहिले देशमा २ सय बढी स्क्रिन (पर्दा) रहेकाले एकै मितिमा दुईवटासम्म नेपाली फिल्म सजिलै धान्न सक्ने अवस्था छ ।

# 'पशुपति प्रसाद २' गीतमा आँचलको 'ट्रान्सफर्मेसन'



काठमाडौं/रंगीन दुनियाँमा एउटा मान्यता के छ भने कलाकार भएपछि फिट हुनुपर्छ । चाहे त्यो फिल्मको चरित्रमा होस् वा शारीरिक हिसाबले । यसैले त प्राय: कलाकारहरु आफूलाई शारीरिक रुपमा फिट राख्न विभिन्न कुरामा ध्यान पुऱ्याउँछन् । विशेषगरी खानपिन । अझ अभिनेत्रीहरुमा त जिरो फिगरको ट्रेन्ड नै छ । यसका लागि उनीहरुले गर्ने त्याग, तपस्या र मेहनत कुनै युद्ध लडेभन्दा कम हुँदैन ।

अभिनेत्री आँचल शर्मालाई नै हेरौंन । चार दिन अगाडि युट्युबमा रिलिज भएको फिल्म 'पशुपति प्रसाद २ : भष्मे डन'को 'दुई चुल्ठी बाटन' बोलको गीतका लागि आफ्नो शरीरमा 'ट्रान्सफर्मेसन' ल्याउन उनले एक महिना जति नुन बारेकी थिइन् । त्यस्तै, दिनहुँ जिम धाएकी थिइन् । फलत: उनको शरीरमा आएको 'ट्रान्सफर्मेसन' गीतमा स्पष्ट देखिन्छ । गीतमा उनी एकदमै स्लिम देखिएकी छन् ।

नुनले शरीरमा पानीको मात्रा बढाउँछ । तौल बढाउन यसको पनि भूमिका हुन्छ । उच्च नुनको सेवनले शरीरमा फ्याटको मात्रालाई समेत बढाउने गर्छ, जसका कारण शरीरको वजन स्वत: बढ्ने गर्छ । यसैले आँचलले 'पशुपति प्रसाद २'को गीतमा आफूलाई स्लिम देखाउन खानेकुरामा नुन बारेकी थिइन् । श्रीमान् उदीप श्रेष्ठ पोषणविद् समेत भएकाले 'डाइट प्लान'मा आँचललाई निकै सहज छ ।

'पशुपति प्रसाद २'को गीतमा उनको सुन्दरता, नृत्य र फिटनेसलाई लिएर पनि गजब तारिफ भैरहेको छ । गीतको युट्युब कमेन्टमा एक महिला प्रशंसक लेख्छिन्, 'कोरोना महामारीपछि अर्को तहमा गयो आँचल शर्माको एक्सप्रेशन । उनी हरेक फ्रेममा चम्किएकी छन् ।' त्यस्तै, अर्का प्रशंसकको टिप्पणी छ, 'आँचल एकदमै कामुक देखिएकी छन् । उनको चाल, रुप र एक्सप्रेशन गजब नै छ ।'

अघिल्लो वर्ष फिल्म 'झिँगेदाउ'को सफलताले राहतको सास फेरेकी आँचलको हातमा अहिले पर्याप्त फिल्म छ । उनले गएको तीन महिनामा तीनवटा फिल्म सम्झौता गरिसकेकी छन् । यतिबेला उनको पाइपलाइनमा 'डिग्री माइला : एमए थर्ड क्लास', 'पञ्चामृत' र 'ह्वाइट हाउस' रहेका छन्, जसको उनले यही वर्ष छायांकन पूरा गर्नुपर्नेछ । यसले उनीप्रति मेकरको बढ्दो विश्वासलाई देखाउँछ ।

# विधेयक प्रमाणीकरणमा राष्ट्रपतिको विवेकमाथि कानुनी नियन्त्रणको सिफारिस

काठमाडौं/संसदीय अध्ययन प्रतिवेदनले राष्ट्रपतिको कार्यसम्पादन र विधेयक प्रमाणीकरणको कार्यलाई कानुनत: स्पष्ट गर्न सिफारिस गरेको छ ।

सोमबार राष्ट्रिय सभामा प्रस्तुत भएको 'संविधान अनुसार बन्न बाँकी कानुनहरूको अध्ययन प्रतिवेदन २०८०' ले राष्ट्रपतिको कार्यसम्पादन सम्बन्धी छुट्टै कानुनको आवश्यकता औंल्याएको हो । अध्ययन प्रतिवेदनमा अविलम्ब कानुन निर्माण हुनुपर्ने भनी ४० वटा विषय सिफारिस गरिएको छ ।

जसमध्ये एउटा विषय राष्ट्रपतिको कार्यसम्पादनसँग सम्बन्धित छ । जहाँ भनिएको छ- 'राष्ट्रपतिको कार्यसम्पादन र विधेयक प्रमाणीकरण सम्बन्धी कार्यलाई थप स्पष्ट गर्ने विषय (छुट्टै कानुनको आवश्यकता बोध भएको) ।'

संविधानको भाग ६ मा राष्ट्रपति र उपराष्ट्रपति सम्बन्धी व्यवस्था छ । संविधानको धारा ६१ (२) मा 'राष्ट्रपति नेपालको राष्ट्राध्यक्ष हुनेछ । निजले यस संविधान र संघीय कानुन बमोजिम आफ्नो कार्य सम्पादन गर्नेछ' भनिएको छ ।

तर, राष्ट्रपतिले गर्ने कार्य सम्बन्धी संघीय कानुन बनेको छैन । अध्ययनले संविधानको धारा ६१(२) को व्याख्या सहित राष्ट्रपतिको कार्यसम्पादन सम्बन्धी संघीय कानुन बनाउन संघीय सरकार र संघीय संसदसमक्ष सिफारिस गरेको छ ।

साथै, संघीय संसदले बनाएको कानुन राष्ट्रपतिबाट प्रमाणीकरण भएपछि मात्रै लागू हुन्छ । तर, प्रतिनिधिसभाको अघिल्लो कार्यकालमा संघीय संसदले दुई पटक पारित गरेर पठाएको 'नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक' लाई तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डारीले प्रमाणीकरण गरेकी थिइनन् ।

१५ दिने समयसीमा नाघेको धेरैपछि वर्तमान राष्ट्रपति रामचन्द्र पौडेलले नागरिकता सम्बन्धी ऐन संशोधन विधेयक प्रमाणीकरण गरिदिए । यो विषयमा पनि प्रश्न उठेको छ । यस सम्बन्धमा सर्वोच्च अदालतमा परेको रिट विचाराधीन अवस्थामा छ ।

दुई जना राष्ट्रपतिबाट भएका यी दुई कार्यलाई संविधान र कानुनले स्पष्ट व्याख्या गर्न नसकेको निष्कर्ष सहित संसदीय अध्ययन प्रतिवेदनले छुट्टै व्याख्याको आवश्यकता औंल्याएको हो ।

संविधानको धारा ११३ मा विधेयक प्रमाणीकरण सम्बन्धी व्यवस्था छ । संविधान अनुसार विधेयक उत्पत्ति भएको सदनको सभामुख वा अध्यक्षले प्रमाणित गरी विधेयक प्रमाणीकरणका लागि राष्ट्रपतिसमक्ष पेश गर्नुपर्छ ।

अर्थ विधेयकका हकमा भने सभामुखले प्रमाणित गर्नुपर्छ । अर्थ विधेयक प्रमाणीकरणका लागि राष्ट्रपतिसमक्ष पेश भएको पन्ध्र दिनभित्र प्रमाणीकरण गरी त्यसको सूचना दुवै सदनलाई दिनुपर्ने हुन्छ ।

संविधानत: अर्थ विधेयक बाहेक अन्य विधेयकमा पुनर्विचार हुनु आवश्यक छ भन्ने लागेमा राष्ट्रपतिले पेश भएको पन्ध्रदिनभित्र सन्देश सहित विधेयक उत्पत्ति भएको सदनमा फिर्ता पठाउन सक्छन् ।

यही व्यवस्था अनुसार १५ साउन २०७९ मा प्रमाणीकरणका लागि पेश भएको नागरिकता सम्बन्धी ऐन संशोधन विधेयकलाई तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डारीले २९ साउन २०७९ मा सन्देश सहित प्रतिनिधिसभामा फिर्ता पठाएकी थिइन् । राष्ट्रपतिले कुनै विधेयक सन्देश सहित फिर्ता गरेमा त्यस्तो विधेयकमाथि दुवै सदनले पुनर्विचार गरी विधेयक प्रस्तुत रूपमा (जस्ताको तस्तै) वा संशोधन सहित पारित गरी पुन: पेश गर्न सक्ने संवैधानिक व्यवस्था छ ।

यस अनुसार संघीय संसदले दोस्रो पटक पारित गरेपछि तत्कालीन सभामुख अग्निप्रसाद सापकोटाले नागरिकता विधेयक प्रमाणित गरी प्रमाणीकरणका लागि २० भदौ २०७९ मा पुन: राष्ट्रपतिसमक्ष पेश गरेका थिए । संविधानत: दोस्रो पटक पारित भएर आएको विधेयक राष्ट्रपतिले प्राप्त भएको १५ दिनभित्र प्रमाणीकरण गरिसक्नुपर्छ । "त्यसरी (दोस्रो पटक पारित भएर आउने प्रक्रिया अनुसार) पेश भएको विधेयक पन्ध्र दिनभित्र राष्ट्रपतिले प्रमाणीकरण गर्नेछ' संविधानको धारा ११३ (४) मा उल्लेख छ ।

तत्कालीन राष्ट्रपति भण्डारीले यो १५ दिने समयसीमाभित्र नागरिकता विधेयक प्रमाणीकरण गरिनन् । राष्ट्रपति कार्यालयले किन विधेयक प्रमाणीकरण नभएको हो भनेर सार्वजनिक रूपमा पनि बोलेन र संसदलाई पनि जानकारी गराएन ।

'विधेयक प्रमाणीकरण गर्नुपर्ने बाध्यकारी व्यवस्था उल्लंघन भए के हुन्छ' भन्ने प्रश्नको जवाफ संविधान र कानुनमा छैन । त्यसैले यसको व्याख्या सहितको कानुनको आवश्यकता संसदीय अध्ययन प्रतिवेदनले औंल्याएको हो ।

१५ दिने समयसीमा नाघिसकेपछि अर्को राष्ट्रपतिले विधेयक प्रमाणीकरण गर्न सक्ने कल्पना पनि संविधान र कानुनले गरेको छैन । तर, तत्कालीन राष्ट्रपति भण्डारीले प्रमाणीकरण नगरेको नागरिकता विधेयक प्रमाणीकरण गरिदिन सरकारले १२ जेठ २०८० मा राष्ट्रपतिसमक्ष आग्रह गऱ्यो । सरकारको आग्रहलाई आधार मानेर वर्तमान राष्ट्रपति रामचन्द्र पौडेलले १७ जेठ २०८० मा नागरिकता ऐन संशोधन विधेयक प्रमाणीकरण गरिदिए ।

अघिल्लो राष्ट्रपतिले प्रमाणीकरण नगरिदिएको विधेयक कार्यकाल सकिएर अर्को राष्ट्रपति आएपछि पनि प्रमाणीकरण हुनसक्ने वा नसक्ने अवस्थाको व्याख्याको आवश्यकता संसदीय अध्ययनले औंल्याएको छ । र यस सम्बन्धमा अविलम्ब कानुन बनाउन संघीय सरकार र संघीय संसदसमक्ष सिफारिस गरेको छ । संविधान जारी भएको लामो समयसम्म संविधान अनुकूल कानुन बन्न नसकेको गुनासोलाई आधार बनाएर २८ पुस २०७९ मा राष्ट्रिय सभा सदस्य विमला राई पौड्यालको नेतृत्वमा अध्ययन उपसमिति गठन भएको थियो ।

*(स्रोत: अनलाइनखबर)*

# चितवनबाट लामो दूरीमा गुड्न थाले विद्युतीय सवारी

चितवन/चितवनबाट लामो दूरीमा विद्युतीय सार्वजनिक सवारी सञ्चालनमा आएका छन् । जिल्लाका भरतपुर महानगर, चितवन छाहारी, त्रिनेत्र र चौतारी यातायात सेवा प्रालीले लामो दूरीमा चल्ने विद्युतीय सवारीसाधन सञ्चालनमा ल्याएका हुन् ।

चार यातायात व्यसायीले ४६ विद्युतीय बस सञ्चालनमा ल्याएका छन् । नारायणगढ-हेटौंडा-वीरगञ्ज र नारायणगढ-काठमाडौंका लागि विद्युतीय बस सञ्चालनमा ल्याइएको भरतपुर महानगर यातायात प्रालिका अध्यक्ष चीनबहादुर बोहोराले जानकारी दिए । उनका अनुसार महानगर यातायात प्रालिले छ सवारी नारायणगढ-काठमाडौंका लागि सञ्चालनमा ल्याएको छ भने त्रिनेत्र र चौतारी यातायात प्रालिले सञ्चालनमा ल्याएका सबै बस नारायणगढ-काठमाडौंका लागि सञ्चालन भइरहेका छन् ।

राज्यले विद्युतीय सवारी साधन सञ्चालनका लागि ल्याएको नीतिअनुसार विद्युतीय बस सञ्चालनमा ल्याइएको बोहोराले बताए । वातावरण प्रदूषण नहुने भएकाले पनि यस प्रकारका सवारी उपयुक्त हुने उनको भनाइ थियो । डिजेलको मूल्यवृद्धि भइरहेका बेला विद्युतीय सवारीसाधन सञ्चालन गर्दा मितव्ययीता समेत हुने उनले बताए । हाल सञ्चालनमा आएका सवारीसाधनमा ६० किलोवाट मोटर पावर जडान गरिएको जनाउँदै बोहोराले गाडी एकपटक पूर्णरुपमा चार्ज गरेपछि दुई सय किलोमिटर सम्म गुड्ने बताए ।

चालकसहित ११ जना अट्ने सवारी प्रदूषणरहित र आरामदायी भएको नारायणगढबाट सिमारा जाँदै गर्नुभएका यात्रु लोक खड्काले बताए । डिजेलबाट चल्ने गाडीभन्दा यो गाडी सफा र आरामदायी भएको उनको भनाइ थियो । सञ्चालन भएयता यात्राका लागि मिलेसम्म विद्युतीय सवारी रोज्ने गरेको उनले बताए ।

नारायणगढबाट वीरगञ्ज जान लागेका अप्रोज आलमले आफूले पहिलो पटक विद्युतीय सवारी चढ्न लागेको भन्दै फरक महसुस गरेको बताए । गाडी चढ्दै गर्दा सफा, आवाज कम र आरामदायी पाएको पहिलो पटक विद्युतीय सावारी चढ्दाको अनुभवसहितको यात्रा आरादायी हुने उनले विश्वास व्यक्त गरे ।

चितवन छाहारी यातायात प्रालिका अध्यक्ष बद्री पौडेलले विद्युतीय सवारीमा यात्रा गर्दा सफा, आवाज नआउने र पूर्णरुपमा वातावरण अनुकूलित हुने जनाउँदै यो यात्रुको पहिलो रोजाइँमा पर्ने बताए । डिजेलबाट चल्ने बसमा भन्दा विद्युतीय गाडीमा यात्रा गर्दा भाडामा केही महँगो भए पनि यात्रुको कुनै गुनासो नआएको उनको भनाइ थियो । उनका अनुसार भरतपुर बाट हेटौंडासम्म पुगेको दुई सय ८० रूपैयाँ, वीरगञ्जसम्मको चार सय रूपैयाँ र नारायणगढ-काठमाडौंको भाडा पाँच सय रूपैयाँ भाडादर रहेको छ ।

सत्तरी प्रतिशतसम्म बैंकले लगानी गरिदिने जनाउँदै पौडेलले यस सवारी व्यवसायीका लागि पनि सन्तोषजनक रहेको बताए ।

'यसको मुख्य समस्या चार्जिङको हो । सरकारले ठाउँठाउँमा चार्जिङ पोइन्ट बनाइदिने हो भने यस्ता सवारी सञ्चालन गर्न थप सहज हुँदै जानेछ", उनले भने । एउटा सवारी चार्ज हुनका लागि एक घण्टा लाग्ने हुँदा स्टेशनमा रहेका चार्जिङ पोइन्टको संख्या पनि सवारीअनुसार थप हुँदै जानुपर्ने उनले बताए ।

नारायणगढ-वीरगञ्ज रुटमा चल्ने मधेस प्रदेश ०३-००१ ज ३६४ नम्बरको सवारीका चालक वृज किशोर प्रसादले डिजेलको बसमा भन्दा विद्युतीय बसमा धेरै मुनाफा रहेको बताए । मुनाफा राम्रो भए पनि चार्जिङको समस्याले सताउने गरेको उनले गुनासो गरे । डिजेल गाडीकोभन्दा यो गाडीको पिकअपसमेत राम्रो रहेको उनको भनाइ थियो । नारायणगढ-हैटौंडा रुटमा सवारी चलाउने कृष्ण बस्ताकोटीले पनि विद्युतीय सवारीको सबै पक्ष राम्रो भए पनि चार्जिङ पोइन्टकै समस्या हुने गरेको बताए ।

# सनीका कान्छा छोरा राजवीरको पनि फिल्ममा डेब्यू



एजेन्सी, मुम्बई/ बलिउड सुपरस्टार सनी देओल अभिनीत फिल्म 'गदर २'ले भारतीय बक्स अफिसमा पाँच सय करोडको रेकर्ड बनाउन सफल हुँदा उनका कान्छा छोरा राजवीर देओल बलिउड डेब्यूका लागि तम्तयार अवस्थामा छन् । सनीका जेठा छोरा करण देओलले भने सन् २०१९ मा फिल्म 'पल पल दिल के पास'बाट अभिनय करिअरको सुरुवात गरेका थिए । तर, उनको पहिलो फिल्म नै फ्लप भयो ।

राजवीरको पहिलो फिल्म 'दोनो'को सोमबार ट्रेलर सार्वजनिक भएको छ । फिल्ममा उनको जोडी पलोमा थकेरियासँग बाँधिएको छ । पलोमाको पनि यो डेब्यू फिल्म हो । उनी बलिउडकी चर्चित अभिनेत्री पूनम ढिल्लोकी छोरी हुन् । ट्रेलरमा राजवीर र पलोमाको रोमान्टिक केमेस्ट्रीलाई देखाइएको छ । तर, राजवीरको अभिनय अत्यन्त कमजोर देखिन्छ । यद्यपि, उनी चार्मिङ देखिएका छन् ।

राजश्री प्रोडक्सनको ब्यानरमा निर्माण भएको फिल्मलाई 'हम आपके हैं कौन...!' फेम्ड निर्देशक सूरज बडजात्याका छोरा अवनीश एस बडजात्याले निर्देशन गरेका हुन् । उनको पनि यो पहिलो निर्देशकीय फिल्म हो । यसअघि राजश्री प्रोडक्सनको प्राय: फिल्ममा असिस्टेन्ट डाइरेक्टरको रुपमा काम गरेको अनुभव उनीसँग छ । अक्टोबर ५ देखि फिल्म प्रदर्शनमा आउने तयारीमा रहेको छ ।

मुम्बईमा आयोजित 'दोनो'को ट्रेलर सार्वजनिक कार्यक्रममा अभिनेता सनी देओलले आफूले फिल्म हेरिसकेको र राम्रो बनेको दाबी गरे । उनले भनेका छन्, 'मैले यो फिल्म हेरिसकेको छु । यो आधुनिक समयको लभस्टोरी हो । 'सोचा ना था' फिल्म जस्तै लाग्नेछ । सायद त्योभन्दा पनि राम्रो ।' राजश्रीले आगामी वर्ष सलमान खान र कृति सेननलाई लिएर फिल्म 'प्रेम की शादी'को निर्माण गर्दैछ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# राक्सिराङमा उपभोक्तामार्फत् गरिने काम व्यवस्थित गर्न कार्ययोजना तयार

साझाकुरा संवाददाता

हेटौंडा, १८ भदौ/ मकवानपुरको विकट राक्सिराङ गाउँपालिकाले उपभोक्ता समिति मार्फत् गरिने योजना कार्यान्वयनलाई व्यवस्थित र झन्झटरहित बनाउन स्पष्ट कार्ययोजना र कार्यढाँचा तयार गरेको छ ।

गाउँपालिकाले तय गरेको कार्यढाँचाअनुसार योजना कार्यान्वयन गर्दा उपभोक्ता समितिलाई हुने झन्झटको अन्त्य हुनुका साथै कर्मचारी र जनप्रतिनिधिलाई पनि काममा सहज हुने विश्वास गरिएको छ । राक्सिराङले गाउँपालिका तह र वडातहमार्फत् उपभोक्ता समितिबाट गर्ने योजनाको वर्गीकरण गरेको छ भने ठेक्कामार्फत् गर्ने योजनाको पनि वर्गीकरण गर्दै योजना कार्यान्वयनको कार्ययोजना तयार गरेको हो । स्वीकृत कार्ययोजना अनुसार राक्सिराङले चालु आर्थिक वर्षका योजना कार्यान्वयन गराउन आगामी मंसिर मसान्तसम्ममा सबै योजनाहरुको सम्झौता गरिसक्नेछ ।

साथै ४५ लाखसम्मका योजना उपभोक्तामार्फत् र सोभन्दा माथिका योजनाको ठेक्का प्रक्रियाबाट काम गरिनेछ । ८ लाखसम्मको योजना वडा कार्यालयबाटै सम्झौता र कार्यान्वयन गर्नेगरी कार्ययोजना बनाइएको र आगामी चैत मसान्तभित्र गाउँपालिकाको सबै योजनाहरु सम्पन्न गरिसकिने गरी कार्ययोजना लागु गरिएको गाउँपालिका अध्यक्ष राजकुमार मल्लले जानकारी दिए । उपभोक्ता समितिमार्फत् काम गर्दा चाहिने आवश्यक कागजात जुटाउने झन्झटको पनि अन्त्य हुने भएको छ ।

उपभोक्ता समिति गठनदेखि भुक्तानीसम्मका सबै कागजातको फाराम समेटिएको किताब नै तयार गरी गाउँपालिकाले वडा कार्यालयमार्फत् वितरण सुरु गर्दैछ । उपभोक्ता समिति गठन, निवेदन, विविध कागजातको नमूना फारामदेखि वडा कार्यालयबाट गरिने सिफारिसको नमूनासहितको किताब उपभोक्ता समितिले प्राप्त गर्नेछन् । सोही किताबमा उल्लेख भएको नमुना फाराम भरी उपभोक्ता समितिले गाउँपालिकासँग सम्झौता गर्न जान सक्नेछन् । सम्झौता भएपछि सो समितिलाई अर्को नमूना फारामसहितको किताब उपलब्ध गराइनेछ । सोही किताबमा उल्लेख भएबमोजिमको फाराम भर्ने र उल्लेखित कागजात पूरा गरेर गाउँपालिकामा पेश गरेपछि अन्तिम भुक्तानी हुने व्यवस्था गरिएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत देवचन्द्र गर्तौलाले बताए ।



उक्त किताबमा डोर हाजिरीको फारामदेखि प्राविधिक र वडा कार्यालयले गर्ने सिफारिस फारामसमेत उल्लेख रहेको उनले बताए । कार्ययोजनाअनुसार काम गर्न उपभोक्ता समितिलाई प्रशिक्षण दिइनेसमेत गर्तौलाले सुनाए । गाउँपालिकाले सोमबार गत आर्थिक वर्षमा गरेको कामहरुको समीक्षाका साथै वडाध्यक्षलाई वार्षिक बजेट, नीति तथा कार्यक्रम पुस्तिका, स्थानीय राजपत्रमा प्रकाशित वार्षिक कार्यक्रम कार्यान्वयन पुस्तिका, उपभोक्ता समितिबाट कार्यान्वयन गरिने योजनाको पुस्तिका हस्तान्तरण गरी चालू आवको योजना कार्यान्वयन सुरु भएको बताएको छ ।

**राक्सिराङको खर्च ७३.९ प्रतिशत**

राक्सिराङ गाउँपालिकाले गत आर्थिक वर्ष २०७९/८० मा ७३ दशमलव ९ प्रतिशत बजेट खर्च गर्न सफल भएको छ । सोमबार भएको वार्षिक समीक्षा कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत देवचन्द्र गर्तौलाले गत आवमा ६८ करोड ३२ लाख ५६ हजार रुपैयाँको बजेट विनियोजन भएकोमा समग्र खर्चको अवस्था ७३ दशमलव ९ प्रतिशत रहेको बताए ।

गत वर्ष पुँजीगततर्फ ८१ दशमलव ९३ र चालुतर्फ ६८ दशमलव ८१ प्रतिशत खर्च भएको छ । बितेको वर्ष ६ करोड रुपैयाँ आन्तरिक राजस्व संकलन गर्ने लक्ष्य राखिएकोमा लक्ष्यभन्दा २१ प्रतशत बढी संकलन भएको बताउँदै प्रशासकीय अधिकृत गर्तौलाले चालू आवमा आन्तरिक आम्दानी १० करोड रुपैयाँ पुऱ्याउने बताए । वार्षिक समीक्षामा विषयतगत शाखाका प्रमुख तथा प्रतिनिधिले आफ्ना शाखाबाट भएगरेका कामको प्रगति विवरण प्रस्तुत गरेका थिए ।

कार्यक्रममा योजनाशाखाका चुननारायण श्रेष्ठ, शिक्षाशाखाका पासाङ तामाङ, पञ्जीकरण शाखाका नवराज रिजाल, सामाजिक विकास, प्रधानमन्त्री रोजगार कार्यक्रम र न्यायिक समितिका गतिविधि गोविन्द विश्वकर्माले प्रस्तुत गरेका थिए । लघुउद्यम विकास शाखाका मानसिं घलान, पशुपंक्षी विकास शाखा ईन्द्रबहादुर जिरेल, कृषि विकास शाखाका संगम विश्वकर्मा, स्वास्थ्य शाखाका जनस्वास्थ्य अधिकृत विजय कापरी, आयुर्वेद शाखाका रामवचन साह, बहुक्षेत्रीय पोषण कार्यक्रमतर्फ बिमला प्रजाले प्रस्तुतीकरण गरेका थिए ।

गाउँपालिकाका अध्यक्ष मल्लले आफूहरु गाउँको व्यवस्थित र दिगो विकासको काममा क्रियाशील रहेको बताए । वार्षिक कार्ययोजना र कार्यविधि निर्माण गरी व्यवस्थित ढंगले बजेट कार्यान्वयन गर्न लागिएको उनको भनाई छ । कर्मचारी र जनप्रतिनिधिले दबाब र प्रभावमा परेर काम गर्न नहुने भन्दै उनले राम्रो काम गर्ने कर्मचारीलाई पुरस्कृत गर्ने र राम्रो कार्यसम्पादन नगर्ने कर्मचारीको कार्यक्षेत्र हेरफेर गरिने बताए । गाउँको सेवाप्रवाह चुस्तदुरुस्त गर्दै प्रविधिको प्रयोगमा प्राथमिकता दिइने पनि उनको योजना छ ।

गाउँपालिकाका उपाध्यक्ष वनस्तम थिङले अप्ठ्यारा र चुनौतीहरु पार गर्दै गाउँको विकासमा सबै जुट्नुपर्ने बताएका छन् । कर्मचारीहरुले आफ्नो जिम्मेवारी अनुसारको काम गरी परिणाम निकाल्नु पर्ने बताउँदै समस्याहरु समाधान गर्न आफूहरु तयार रहेको बताए । कार्यक्रममा राक्सिराङ-४ का वडाअध्यक्ष सञ्जय कोइराला, कार्यपालिका सदस्य सजिना मुक्तानलगायतले आफ्नो धारणा राखेका थिए ।

# इन्द्रसरोवर जलाशयको संरक्षणमा सरकारलाई ध्यानाकर्षण



साझाकुरा संवाददाता

हेटौंडा, १८ भदौ/नेकपा (एमाले)का सचेतक महेश बर्तौलाले मकवानपुरको इन्द्रसरोवर तालको सरसफाई तथा संरक्षण गर्न सरकारलाई ध्यानाकर्षण गराएका छन् । बर्तौलाले ईन्द्रसरोवर तालबाट १०६ मेघावाट विजुली उत्पादन हुने बताउदै तालको संरक्षण गर्न नसके निकट भविश्यमा नै आयोजना खतरामा पर्न सक्ने उल्लेख गरे ।

सोमबार बसेको प्रतिनिधि सभा बैठकमा सांसद बर्तौलाले तालमा ८५ लाख घनमिटर पानी अटाउने क्षमता रहेको उल्लेख गर्दै अहिले तालमा ६२ लाख घनमिटर पानी रहेको र बाँकी करिव २३ लाख घनमिटरमा हिलोमाटो, ढुङ्गा बालुवा थुप्रिएको बताउदै तालको सरसफाई तथा संरक्षण गर्न सरकारलाई ध्यानाकर्षण गराएका हुन् ।

सांसद बर्तौलाका अनुसार सरकारले विगत ४ वर्षदेखि देशका १ लाख ५० हजार भन्दा बढी नागरिकले कोरोनाको बीमा गरे त्यसबापत ११ अर्व रकम अझसम्म प्राप्त गर्न नसकेको बताए ।

'यो सरकार माटोको तोर्मा जस्तो भयो सभामुखज्यू । आईया पनि छैन आत्था पनि छैन' बर्तौलाले भने 'विगत ४ वर्षदेखि यो देशका १ लाख ५० हजार भन्दा बढी नागरिकले कोरोनाको बीमा गरे त्यसबापत ११ अर्व रकम अझसम्म प्राप्त गर्न सकेको छैनन् । सरकारलाई त्यस्को कुनै चासो छैन । सरकार कुम्भकर्ण झैं निन्द्रामा पऱ्यो ।'

# थाहाका शिक्षकलाई योग तथा साधना शिविर

साझाकुरा संवाददाता

हेटौंडा, १८ भदौ/थाहा नगरपालिकाका शिक्षकका लागि योग, ध्यान र साधना तालिम १८ भदौबाट सुरु भएको छ । सात दिनसम्म सञ्चालन हुने तालिम सोमबार विहान ६ बजेबाट जेसीज सभाहलमा सुरु भएको हो ।



थाहा नगरपालिकाका विद्यालयमा योग, ध्यानलाई नियमित गर्ने उद्देश्यले पहिलो चरणमा थाहाका १, २, ३, ४, ७ र ८ का सार्वजनिक विद्यालयका शिक्षकको सहभागितामा तालिम सुरु गरिएको थाहा नगर पालिका शिक्षा शाखाप्रमुख माधवविक्रम मल्लले जानकारी दिए । पहिलो चरणको तालिममा थाहा नगर पालिका साविक दामन, पालुङ र आग्राका गरी २९ जनाको सहभागिता रहेको छ । थाहा नगरपालिकाले आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रममा विद्यालयमा नियमित रुपमा विद्यार्थीलाई योग, ध्यान कक्षा सञ्चालन गर्ने विषय पारित गरी बजेटसमेत विनियोजन गरेको थियो ।

शिक्षकलाई तालिम दिएर उनीहरुमार्फत विद्यार्थीलाई साधना कक्षामा सहभागी गराउने नगरपालिकाको योजना रहेको छ । विद्यार्थीलाई योग, ध्यान र साधनामार्फत अनुशासित र कर्तव्यनिष्ठ बनाई मानवमूल्यको जगेर्ना गर्ने थाहा नगरपालिकाका प्रमुख विष्णुबहादुर विष्टले बताए । तालिमका सहाभागीलाई योगगुरु राजन बिडारीले प्रशिक्षण दिइरहेका छन् । तालिमको संयोजन सुनौलो सामुदायिक सिकाइ केन्द्रले गरिरहेको छ ।

# सरकारले चीनलाई कूटनीतिक नोट पठाउनुपर्छः बर्तौला

साझाकुरा संवाददाता

हेटौंडा, १८ भदौ/प्रमुख प्रतिपक्षी दल नेकपा एमालेका सचेतकसमेत रहेका मकवानपुर क्षेत्र नम्बर २ का सांसद महेशकुमार बर्तौलाले सरकारले चीनलाई चुच्चे नक्साको सम्बन्धमा कूटनीतिक नोट पठाउनुपर्ने बताएका छन् ।

सरकारले चीनलाई तत्काल नेपालको नयाँ नक्सा (चुच्चे नक्सा)लाई मान्यता दिन कूटनीतिक नोट पठाउनुपर्ने बताइएको हो । एमालेका सचेतक बर्तौलाले चीनले आफ्नो नयाँ नक्सा जारी गर्दा नेपालको पुरानै नक्सा राखेकाले सरकारले त्यसलाई तत्काल सच्याउन चीन सरकारलाई कूटनीतिक नोट पठाउनुपर्ने बताएका हुन् । सोमबार संघीय संसद भवन परिसरमा पत्रकारहरुसँग कुराकानी गर्दै सचेतक बर्तौलाले चीन सरकारलाई नक्सा सच्याउन नेपाल सरकारले अबिलम्ब पहल गर्नुपर्ने बताए ।

चीनले नेपालको नक्सा पनि समेट्दा पुरानै नक्सालाई मान्यता दिनु दु:खद् भएको उल्लेख गर्दै सचेतक बर्तौलाले त्यसलाई कूटनीतिक माध्यमबाट सच्याउन नेपाल सरकार लाग्नुपर्ने बताए । 'हामीलाई एक इन्च पनि जमिन कसैको चाहिँदैन । कसैलाई छोड्दैनौं पनि । चीनले नेपालको नक्सा पनि छेउमा राख्दै गर्दा चुच्चे नक्सा गायब गरेर राख्यो । यसबारे नेपाल सरकारले अबिलम्ब चीन सरकारलाई कूटनीतिक नोट पठाओस्', उनले भने । सचेतक बर्तौलाले एमाले आफ्नो एक इन्च भूमि छोड्ने पक्षमा नरहेको दोहोऱ्याए । उनले नेपालको भूगोलबारे अन्यथा टिप्पणी गर्ने अधिकार अरु राष्ट्रलाई नभएको पनि बताए ।

# 'तीजलाई भड्किलो नगरी अधिकार स्थापित गर्न उपयोग गनुपर्छ'

साझाकुरा संवाददाता

हेटौंडा, १८ भदौ/ बागमती प्रदेशका सामाजिक विकास मन्त्री कुमारी मोक्तानले हरितालिका तीजलाई भड्किलो नबनाई महिला अधिकार स्थापित गर्न उपयोग गर्नुपर्ने बताएकी छन् ।

तीज पछिल्लो समय भड्किलो बन्दै गइरहेकोमा चिन्ता व्यक्त गरेकी मोक्तानले महिलाले अधिकार र अबसर स्थापित गर्न तीजलाई उपयोग गर्न सक्नुपर्नेमा जोड दिइन् । अहिलेका भड्किला गीत संगीतका कारण तीजको गरिमा घटेको उनको दाबी छ । मनहरी गाउँपालिकाले आयोजना गरेको तीज बिशेष कार्यक्रम तथा सांगीतिक कार्यक्रममा तीजको आवश्यक र महिला अधिकारको संरक्षणमा खेलेको भूमिकाबारे बोलेकी थिइन् । 'पोइला जान पाम जस्ता गीतसंगीतहरु आए', मन्त्री मोक्तानले भनिन्-'हामीले तीजलाई महिला अधिकार स्थापनाका खातिर उपयोग गर्ने गरेका थियौं, महिलाअधिकार स्थापित गर्नका लागि महिलाका पीडा, दु:खका गीतहरु बनाएको थियौं, सुनेका थियौं ।'

तर, अचेल अनेकअनेक गीतहरु आएर तीजलाई भड्किलो बनाए पनि समाज र जीवन गीतले भनेजस्तो नरहेकाले अझै अधिकार स्थापित गर्नका लागि लागि पर्नु पर्नेमा उनको जोड थियो ।

# गोरक्षनाथ वनमा थापा अध्यक्ष

साझाकुरा संवाददाता

हेटौंडा, १८ भदौ/हेटौंडा उपमहानगरपालिका-१८ मा रहेको गोरक्षनाथ वन उपभोक्ता समिति अध्यक्षमा रोशन थापा विजयी भएका छन् ।

आइतबार भएको वन समितिको निर्वाचनबाट थापाको अध्यक्षतामा ११ सदस्यीय समिति चुनिएको हो । वन समितिको उपाध्यक्ष अनिता स्याङ्तान, सचीव ज्वाला पराजुली, कोषाध्यक्ष रन्जु थापा, सहसचीव विबेक पराजुली निर्वाचित भएका छन् । यसैगरी सदस्यहरुमा बिष्णु दाहाल, राजु खतिवडा, श्यामकाजी नेपाल, अप्सरा चौंलागाई, अमृता धमला (ढकाल) र राममाया नेपाल निर्वाचित भएका छन् ।

# मकवानपुरमा सार्वजनिक विदा दिने बागमती सरकारको निर्णय

साझाकुरा संवाददाता

हेटौंडा, १८ भदौ/ बागमती प्रदेश सरकारले चेपाङहरुको राष्ट्रिय पर्व न्वागी (छोनाम)को अवसरमा मकवानपुरसहित तीन जिल्लामा सार्वजनिक विदा दिने निर्णय गरेको छ ।

मंगलबार हेटौंडास्थित मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बसेको मन्त्रिपरिषद् बैठकले न्वागी पर्वको अबसरमा तीन जिल्लामा २२ भदौमा विदा दिने निर्णय गरेको हो । बागमती प्रदेशको तीन जिल्ला मकवानपुर, चितवन र धादिङमा अतिसिमान्तकृत चेपाङ जातिको बसोबास रहेको छ । चेपाङ समुदायको बसोबास भएका आधारमा मकवानपुर, चितवन र धादिङमा विदा दिने निर्णय गरेको सरकारका प्रवक्ता आन्तरिक मामिला तथा कानुनमन्त्री गंगानारायण श्रेष्ठले जानकारी दिए । मन्त्रिपरिषद् बैठकले विदा दिनेसहित पाँचवटा निर्णय गरेको छ ।

सरकारले प्रदेश नीति तथा योजना आयोगको सदस्यमा बुढानीलकण्ठ नगरपालिका-५ निवासी कृष्णकुमारी बस्नेतलाई नियुक्त गर्ने निर्णय गरेको सरकारका प्रवक्ता श्रेष्ठले जानकारी दिए । प्रदेश विपद् व्यवस्थापन कोष परिचालन कार्यविधि, २०८० स्विकृत गर्ने निर्णय गरेको छ । उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय, संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय, कृषि तथा पशुपंक्षी विकास मन्त्रालयको संगठन संरचना र दरबन्दी तेरिज सहितको संक्षिप्त संगठन तथा व्यवस्थापन सर्वेक्षण स्वीकृत गरेको प्रवक्ता श्रेष्ठले जानकारी दिए ।

प्रदेश सरकारले ग्रामीण सडक सञ्जाल सुधार आयोजना (एएफ)सञ्चालनका लागि म्याचिङ फण्डको सुनिश्चितता गरी नेपाल सरकार, एसियाली बिकास बैंक र मन्त्रालयबीच आयोजना सम्झौता गर्न भौतिक पूर्वाधार विकास मन्त्रालयका प्रदेश सचिवलाई अख्तियारी दिने निर्णय गरेको प्रवक्ता श्रेष्ठले जानकारी दिएका छन् ।

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विकास निर्देशनालय
**कृषि ज्ञान केन्द्र**
भरतपुर, चितवन

**कृषि विकास कार्यक्रमहरूमा सहभागी हुन प्रस्ताव हाह्वानको सूचना !**

**सूचना नं. : २-२०८०/०८१**
***प्रथम पटक प्रकाशित मिति : २०८०/०५/१९***

कृषि ज्ञान केन्द्र. चितवनको आ.व. २०८०/८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार साझेदारीमा तपशिलको कार्यक्रम संचालन गरिने हुँदा चितवन र मकवानपुर जिल्लाका सूचनामा उल्लेख भए बमोजिमका आवेदकहरुले सूचना प्रकाशित भएको ३० औ दिन (मिति २०८०/०६/१७) सम्ममा कार्यालय समय भित्र आईपुग्ने गरी देहाय बमोजिमका कागजात सहित सम्बन्धित कार्यविधि बमोजिम निवेदन दर्ता गराउनुहुन आव्हान गरिन्छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागी समाबेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ। इमेल akcchitwan@gmail.com मार्फत समेत प्रस्ताव पेश गर्न सकिने छ ।

| क्र.स. | कार्यक्रमको नाम | एकाई | लक्ष्य | कार्यक्रमको कूल बजेट रु लाखमा | साझेदार संस्था आवेदक | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | तेलहन वाली प्रवर्द्धन हेक्टर कार्यक्रम | हेक्टर | ५० | ५० | कृषक समूह/कृषि सहकारी कृषक समुह/कृषि | कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधी २०७९ |
| २ | मकवानपुर जिल्लाको बागमती गा.पा.मा मकै ब्लक विकास कार्यक्रम संचालन | पटक | १ | १९ | सहकारी/जल/वन उपभोत्ता समिति/ कृषि फार्म | प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन म्यानुअल, २०७७ |

**तपशिल**:
१. रु १० को हुलाक टिकट टाँस गरेको निवेदन,
२. संस्थाको हकमा संस्था दर्ता तथा नवीकरण गरेको प्रमाणपत्र र कार्यक्रममा सहभागी हुने, सदस्यहरुको नागरिकताको प्रतिलिपि, संस्थाको निर्णयको प्रतिलिपी
३. संस्थाको स्थायी लेखा नम्बर (PAN) दर्ता/नवीकरण प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,
४. प्रस्ताव अनुसारको लागत अनुमान,
५. स्थानिय तहको सिफारिस,
६. आवेदकको आफ्नै स्वामित्व वा कम्तिमा ५ वर्षको लागि जमिन भाडामा लिएको प्रमाण ।

**नोटः** कार्यक्रम सम्बन्धि थप जानकारीको लागि यस केन्द्रको फोन नं ०५६४९३११५ वा ९८५५०९२२५५ मा सम्पर्क गर्न सकिनेछ ।

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विकास निर्देशनालय
**कृषि ज्ञान केन्द्र**
भरतपुर, चितवन

**आपूर्तिकर्ताको सूचीकरणको सूचना !**

**सूचना नं. : ३-२०८०/०८१**
***प्रथम पटक प्रकाशित मिति : २०८०/०५/१९***

कृषि ज्ञान केन्द्र, चितवनको स्वीकृत वार्षिक कार्यक्रम अनुसार "प्राङ्गारीक मल वितरण कार्यविधि (प्रथम संशोधन), २०७९" अनुसार प्राङ्गारीक मल बिक्रि गर्ने उत्पादक तथा वितरकहरुले यो सूचना प्रकाशित भएको एक्काईस दिनभित्र (२०८०/०६/१८) कार्यलयमा समय भित्र यस कृषि ज्ञान केन्द्रमा देहाय बमोजिमका कागजात सहित प्रस्ताव दर्ता गर्नुहुन आव्हान गरिन्छ । साथै रित नपुगेका वा म्याद नाघि प्रप्त हुन आएका प्रस्ताबहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ ।

**प्रस्ताव साथ संलग्न गर्नुपर्ने कागजातहरू**
१. संस्था दर्ताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि,
२. संस्था नवीकरणको प्रमाणको प्रमाणित प्रतिलिपि वा कम्पनी भएमा कम्पनि रजिष्ट्रारको कार्यालयबाट गरिने कम्पनि अद्यावधिक भएको पत्रको प्रमाणित प्रतिलिपि अनिवार्य पेश गर्नु पर्ने,
३. सस्थाको PAN वा VAT प्रमाण पत्रको प्रमाणित प्रतिलिपि,
४. पछिल्लो आ. व. को लेखा परीक्षणको प्रमाणित प्रतिलिपि,
५. पछिल्लो आ. व. को कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि,
६. प्रस्ताव साथ चालु आ.व.मा आपुर्ति गर्न सक्ने मलको परिमाण,
७. सम्बन्धित निकायमा सूचीकृत गरिएको प्रमाणपत्रको प्रतिलिपि,
८. सरकारी निकायबाट मान्यता प्राप्त प्रयोगशालाबाट अनुसूची-३ मा उल्लेखित प्राङ्गारीक मलको मापदण्ड तथा गुणस्तरको प्रमाणपत्र (एक महिना भित्रको)
९. प्रहारिक मलको नमुना,
१०. आपुर्तिकर्ताले आफुले उत्पादन गर्ने मलको ब्राण्ड नाम, प्रति के.जी. मूल्य, कम्पनीको शाखा/विक्री कार्यालयहरु र उपलब्ध गराउन सक्ने मलको परिमाण,
११. मलको उत्पादन मिति र प्रयोग गरिसक्नु पर्ने मिति, व्याच नम्बर, तौल तथा मलमा पाईने पोषण तत्वको मात्रा प्रत्यक प्याकेजिङ्गमा प्रष्ट रुपमा देखिने गरी उल्लेख भएको हुनु पर्नेछ ।

नोटः कार्यक्रम सम्बन्धि थप जानकारीको लागि यस केन्द्रको फोन नं ०५६४९३११५ वा ९८५५०९२२५५ मा सम्पर्क गर्न सकिनेछ । साथै कार्यक्रम सम्बन्धी अन्य जानकारीको लागि "प्राङ्गारीक मल वितरण कार्यविधि (प्रथम संशोधन), २०७९" कृषि तथा पशुपन्छी विकास मन्त्रालयको वेबसाइट molmac.bagamati.gov.np वा कृषि विकास निर्देशनालयको वेवसाइट doad.bagamati.gov.np बाट डाउनलोड गरी हेर्न सकिनेछ ।

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सबिन न्यौपाने**द्वारा प्रकाशित, सम्पादकः **सरला खनाल**, कार्यालय/मुद्रणः हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रणः** सफल छापाखाना